Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

वर्ष-१३ , अंक- २०, २०७७ साल पौष ७ गते मंगलबार (Dec 22, 2020) www.janaakash.com.np मूल्य रु १०।-

# नेपालको राजनीतिको तरङ्ग परसम्म फैलिदै

- नेपालको राजनीतिमा हुनुपर्ने अभ्यास नभएको ।
- पार्टीहरु बिदेशी निर्देशनमा चल्ने गरेको ।
- नेपालको भुमि भारतद्वारा कब्जामै रहेको ।

- मोहन कार्की

काठमाडौं । २०७७ साल पौष ५ गते नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले ताजा जनादेशमा जाने गरी आउदो बैशाखमा आम निर्वाचनमा जानलाई गरेको प्रस्ताव राष्ट्रिपति बिद्यादेवी भण्डारीद्धारा सिफारिस भएपछि नेपालका चोक चोकमा पार्टीको जानेर वा नजानेर गफ चुटेर बस्ने राजनीतिक पार्टीका अल्छी नेता कार्यकर्ताले काम पाएका छन् केहीदिनका लागि, देशका निर्वाचित भएर आएका प्रधानमन्त्रीलाई गाली गर्न, त्यो अभियाँनमा ति राजनीतिक झोला बोकेका कार्यकर्ता मात्र होइन । नेपालका बुद्धिजीवि भनिने पढे लेखेकाहरुले समेत नेपालका प्रधानमन्त्रीलाई तुच्छ शब्द प्रयोग गरिरहेका छन् । अर्थशास्त्रि भनाउदाहरु समेत नेपालको अर्थतन्त्र बर्बाद भो भनेर चिच्याईरहेका छन् । नेपालको भलो नचाहने नेपाललाई सधै अस्थिरता भएको देख्न चाहाने अस्थिरतामा धकेल्न योजना नै बनाउने बिदेशी शक्ति त यो खेलमा लाग्ने नै भयो । नेपालको राजनीतिमा हुनपर्ने अभ्यास कहिल्यै नगर्ने राजनीतिक पार्टीहरुले नगर्नुपर्ने अभ्याशहरु गरिरहने परिपाटीको निरन्तरता र नजिरले यस्ता घटनाहरु नेपालमा घटिरहेका छन् । नेपालका नेपालीहरुले परिवर्तनको नाममा गरेका अभ्याशहरु नेपाल देशको हितमा कहिल्यै रहनेछन् भन्ने बिस्तारै नेपालीले बुझ्दै छन् । २००७ देखि अहिलेसम्म आईपुग्दा नेपालले आफनो आत्मनिर्भरता गुमाईसकेको छ ।

त्यो गुमाउनुको कारण अरु केही नभएर राष्ट्रको नाममा बिदेशमा खोलिएका पार्टीहरुले बिदेशी निर्देशनमा काम गर्ने आफ्नोपन केही नहुने र आयतीत आन्दोलनहरु भईरहने बिदेशी शक्ति जो नेपालमा सधै अस्थिरता गराईराख्न चाहान्छ । त्यो शक्तिको चाहाना अनुसार नेपालमा परिवर्तनको नाममा नेपाली नागरिकहरुलाई लडाएर, भिडाएर, बिरोध मात्र गरिरहने प्रजातन्त्रको नाममा अनुसाशित कोहि नहुनु पर्ने जस्ता अभ्याश गराउदै र संसदीय प्रणालीमा समेत आर्दश,निष्ठावान, अध्ययनशील, योजनाकारहरु देशमा देखिए भने बिदेशीले दिएको निर्देशनमा त्यस्ता देशभक्त असल ब्यक्तित्वहरुलाई केही बहाना बनाएर जेल हाल्ने तर कहिल्यै अवसवर नदिने त्यो भन्दा ठिक बिपरित अबैध क्षेत्रमा लागेका तस्कर, डाका, गुण्डाहरु परिचालन गरि जनता लुटेका पैसाले आलिसान जिवन जिउने र चुनावको बेला २/४ दिनलाई हुल हुज्जत रक्सी, जाड, मासु,भोज भत्तेर गर्दै घर घरमा पुगेर राति राति पैसा बाढेर बिदेशीको पैशा लिने नेताहरुको बाहुल्यता पुऱ्याउने अभ्याश नेपालमा भएको छ । त्यसैको असर नेपालमा यतिवेला छर्लङग देखिएको हो । जस्तै कुनै बोल्ड डिसिजन लिनुपऱ्यो भने आफनो नाम हस्तक्षर गर्न नआउनेहरुको संसदीय समिति, उपसमिति जस्ता कागजका समितिको वरिपरि योजना घुमिरहेर देशको बिकास बन्धक बनिरहेको हुन्छ ।

यतिवेलाको लडाई देख्दा संवैधानिक ब्यवस्थाभन्दा बाहिर र बुद्धिजीवि, पत्रकार भनाउदाहरुको बुझाईभन्दा बाहिर, अर्थशस्त्रिको भनाई भन्दा बाहिर, अन्तरराष्ट्रिय जो नेपाल बिरोधि शक्तिहरु भन्दा बाहिर देखिएपनि नेपाल देशको पक्षमा छ । नेपालको भुमि भारतले उसको आफ्नो नक्सामा समेटेर सार्वजनिका गरेपछि नेपालमा भएका सृखलाबद्ध घटनाहरु अध्ययन गनै पर्दछ । देशको पक्षमा नालापानी युद्ध लडेका बीरुपुर्खका सन्तान नेपालीहरु भारतले नेपालको कालापानी, लिपुलेख, लिम्पियाधुरा समेटेको बिषयमा समाचार सार्वजनिक भएपछि एकढिक्का भएका नेपालीहरुले नेपाल र भारतको सीमा विवाद अन्तराष्ट्रियकरण गर्न दवाव दिईरहेका बेला नेपाली जनताको प्रतिनिधित्व गर्दै नेपालको भुमि समेटिएको नक्सा सार्वजनिक गरेका प्रधानमन्त्रीलाई सोही दिनवाट अर्का अध्यक्ष भनिएका प्रचण्डले केही दिनपछि नेपाल भारतको सीमा विवाद अन्तराष्ट्रिय करण गर्नुहुदैन भन्ने अभिब्यक्ति दिएका थिए । जुन शब्दले नेपालीहरुको एकता राष्ट्रिय दृढतामा बिखण्डित गर्छ । बिदेशीलाई खुशी पारेर नेपालका नेताहरुले गरेको बिगतकै अभ्याशले राष्ट्रको स्वतन्त्रता गुमाउदै आएको

बाँकी ८ पृष्ठमा

# पार्टी फुटको साक्षी बन्न कुनै पनि भेलामा जान्न : वामदेव

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उपाध्यक्ष वामदेव गौतमले पार्टी फुटको साक्षी बन्न कुनै गुटको भेलामा नजाने बताएका छन् । आफू अझै एकताको पक्षमा र संसद भंगको विरुद्धमा रहेको बताउँदै गौतमले गुट भेलामा नजाने बताएका हुन् ।

गौतमले प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, 'क.केपी ओलीले गरेको भेला होस् वा अरु कमरेडहरुले गर्नुभएको भेला नै किन नहोस् - ती सबै पार्टी फुटाउनका निम्ति भइरहेका छन् । म फुटको साक्षी बस्न सक्दिनँ ।'

गौतमले आफू दुई कम्युनिष्ट पार्टी एकीकरण गराउने मध्येको नेता भएको उल्लेख गर्दै भनेका छन्, 'अहिले पनि एकताको पक्षमा म छु । संसद भंगको गैरसंवैधानिक कदमको विरोध गरिरहन्छु । तर, दुबैतिरका भेलामा मेरो उपस्थिति हुँदैन । मैले पहिले पनि गुटहरुको भेलामा नजाने भन्दै आएको हुँ ।'

पढ्नुस् विज्ञप्ति

मन्त्रिपरिषद्ले संसद भंग र मध्यवधी निर्वाचनको सिफारिस गरेपछि मैले सम्माननीय राष्ट्रपतिलाई टेलिफोनबाटै त्यस्तो सिफारिस स्वीकृत नगर्नुस् भन्न चाहेको थिएँ । तर, उहाँसँग टेलिफोनमा कुरा गर्न सम्भव भएन ।

त्यसपछि मैले उहाँका प्रमुख स्वकीय सचिव भेषराज अधिकारीमार्फत भनेको थिएँ, 'यदि उहाँले मन्त्रिपरिषद्को सिफारिस बमोजिमको विषयलाई जारी गर्नुभयो भने त्यो दुर्भाग्यपूर्ण हुनेछ । उहाँले यसलाई एकपटक मन्त्रिपरिषद्मै फर्काइदिन उपयुक्त हुन्छ । यसका निम्ति मेरो विनम्र अनुरोध छ ।'

तर, राष्ट्रपतिले विज्ञप्तिमार्फत मन्त्रिपरिषद्को सिफारिसलाई स्वीकृत गर्नुभएको समाचार सुनेँ । त्यसपछि त्यो दुःखद् घटना हो भन्ने निश्कर्षमा पुगेँ । त्यसपछि संविधानको मर्म र भावना विपरित प्रतिनिधिसभा विघटन गैर संवैधानिक कदम हो भन्ने धारणासहित मैले आइतबार नै विज्ञप्ति जारी गरेँ ।

अब फुटको घोषणा गर्नमात्रै बाँकी रहेका बैठक,

बाँकी ८ पृष्ठमा

# संसद विघटनबारे यसो भन्छन् कानुनविद

काठमाडौं । कानुन व्यवसायीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषदबाट सिफारिश गरे बमोजिम राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभाको बिघटन गर्नुलाई असंवैधानिक भन्दै सर्वोच्च अदालतले त्यसलाई बदर गर्नुपर्ने तर्क गरेका छन् । उनीहरुले अदालतले बिघटित प्रतिनिधिसभालाई पुर्नस्थापित गर्न सक्ने समेत बताएका छन् ।

रिपोर्टर्स क्लब नेपालको साक्षात्कारमा बोल्दै नेपाल बार एशोशिएसनका पूर्व अध्यक्ष समेत रहेका वरिष्ठ अधिवक्ता शेरबहादुर केसिले संसद बिघटनलई २०७२ सालको संविधानको अन्त भने । संविधानले प्रधानमन्त्री केपी शर्मा ओलीलाई संसद बिघटनको अधिकार नदिएको हुँदाहुँदै पनि बिघटन गरेर देशलाई निरंकुशतातर्फ लगेको तर्क गरे । उनले भने,'संसद बिघटन हुनु २०७२ सालको संविधानको अन्त हुनु हो । मुलुक निरंकुशतातर्फ गयो र यो ज्ञानेन्द्र शाहको जस्तै शासन हो ।' उनले फेरि आन्दोलनमा जानुपर्ने अवस्था आएको बताए ।

अब सडकमा जानु पर्छ

वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्कीले प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको विरुद्ध खतरनाक कदम चालेको तर्क गरे । उनले भने,'यो कदम राष्ट्र, जनता, संविधान र व्यवस्थाको विरुद्ध छ ।' नेपालको राजनीतिलाई अस्थिरता, अन्यौलको दलदलमा फसाउने कदम चालेको भन्दै अब सडकबाट परास्त गर्नुपर्ने बताए । देशलाई संकटमा धकेलेर प्रधानमन्त्री ओलीले गम्भीर भुल गरेको उनको भनाई थियो ।

पाँच वर्ष नपुगी संसद विघटन गर्न पाइदैन

नेपाल बार एशोशिएसनका पूर्व अध्यक्ष प्रेमबहादुर खड्काले संविधानले पाँच वर्ष अवधि नपुगी संसद बिघटन गर्न संविधान अनुसार निमल्ने तर्क गरे । उनले भने,'संविधानको धारा ८५ (१) मा प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष हुनेछ भनिएको छ । पाँच वर्ष अघि संविधान बिघटन गर्न मिल्दैन ।' प्रधानमन्त्री ओलीबाट संविधानलाई मिचिएको भन्दै लोकतन्त्र र गणतन्त्रमाथि नै खतरा बढेको बताए । संसद बिघटनका लागि संविधानको धारा ७६ (७) ले विभिन्न चार विकल्प राखेको र त्यो नभएपछि मात्र संसद बिघटन गर्न सकिने व्यवस्था गरिएको उल्लेख गरे । ती विकल्पमा प्रधानमन्त्री ओली पदमा रहँदाको अवस्था नपर्ने उनको तर्क थियो ।

असंवैधानिक कदम


पूर्व महान्याधिवक्ता समेत रहेका वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधिसभा बिघटनको कदम गैरसंवैधानिक रहेको बताए । उनले बिघटन भएको संसद पुनःस्थापित हुनसक्ने बताए । विगतमा बिघटित प्रतिनिधिसभालाई कहिले अदालतले त कहिले जनताको आन्दोलनले ब्युँताएको स्मरण गराए । उनले भने,'अदालतले समेत संसद बिघटन ठिक हो भनेकोलाई जनआन्दोलनमार्फत् पुनस्थापित गराएको इतिहास छ ।' प्रधानमन्त्री ओलीले बिघटन गराएको संसद बिघटन नहुने जिकिर गरे । उनले भने, 'ओलीजीले बिघटन गराएर संसद बिघटन हुँदैन ।' संविधानमा प्रतिनिधि सभा बिघटनको एउटै व्यवस्था बहुमतप्राप्त संसदीय दल नभएको, दुई वा दुईभन्दा बढी दलको सरकार नभएको, अल्पमतको सरकारले पनि विश्वासको मत हासिल गर्न नसकेको अवस्थामा मात्र संसद बिघटन गर्ने अधिकार रहेको बताए ।

उनले संसद सडकमा पनि बसेको इतिहास स्मरण गराउँदै त्यो अवस्था पनि आउने बताए ।

# दर्पण बलको प्रेम चरी सार्वजनिक

काठमाडौं । दर्पण बलको प्रेमचरी नामक म्यूजिक भिडियो सार्वजजिक भएको छ । उक्त भिडियोलाई jana aakash tv युटुव च्यानलले बजारमा ल्याएको हो । प्रेम चरी गीतका रचनाकार, संगीत, गायक दर्पण बल सांगीतिक क्षेत्रमा प्रवेश गरका हुन् ।

म्यूजिक भिडियोको नाम प्रेमचरी नै किन राख्नुभयो भनि सोधिएको प्रश्नमा गायक दर्पण भन्छन् । उहाँ भन्नु हुन्छ देश विदेशमा रहेका हरेक नेपालीहरुले आफ्नो प्रेमीको बारेमा याद गर्दै गाएको



गायक दर्पण बलको “प्रेम चरी”म्यूजिक भिडियो सार्वजनिक

आफै रहेका छन् । उक्त गीतको एरेन्जर प्रकाश लेप्चाले गरेका छन् ।

यो म्यूजिक भिडियो दर्पण बलको पहिलो भने होईन उनले झण्डै ५ बर्ष अगाडी ढाका टोपी राष्ट्रिय गीतबाट गीत हो । प्रेमीको यादमा मनको चरीलाई उडाएर भेट हुने कंल्पनाका साथ तयार परिएको गीत हो ।

हुन त यत्तिबेला बजारमा माया प्रीतिको गीतको माग रहेको छ । शब्द रचनाकार दर्पण बलले बादलको घुम्टु उडाएर आफ्नो प्रेमीलाई भेट्न आउने सपना बुनेको हुन्छ । हुन त नेपालीहरुको एक पीडा हो । किन भने धेरै भन्दा धेरै नेपालीहरु विदेशको भुमिमा बसेर आफ्नो प्रेमी वा श्रीमती सम्झेर तड्पिनु भन्दा विकल्प छैन । लाग्छ गीत सुन्दा विदेशमा रहेका नेपालीहरुको वास्तविक कथालाई बुनेर तयार पारिएको गीत हो भन्दा फरक हुदैन । संगीत गाएक आफैको रहेको यो गीत सुन्दा सुनिरहौं लाग्ने संगीत रहेको छ । नव गायक बलको यो भने पहिलो गीत हैन । उहाँले यो भन्दा पहिला धेरै गीतहरुमा संगीत भरिसकेका छन् ।

आधुनिक बजारमा प्रतिशपर्दा गर्नका लागि कला र गला होइन कि धनको आवश्यक्ता यत्तिबेल गायक तथा संगीतकार बलले महसुस गरिरहेका छन् । प्रविधिको विकाससँगै गीत संगीतको बजारमा म्यूजिक भिडियो निर्माण गर्नेहरुको भीड बडेका छन् भने नाम र भ्युज

बाँकी ८ पृष्ठमा

# रातो मच्छिन्द्रनाथको नयाँ पुजारी नियुक्त गरिँदै

काठमाडौं । 'वर्षा र सहकालका देवता' रातो मच्छिन्द्रनाथको रेखदेख, पूजा र जात्रा व्यवस्थापनका लागि नयाँ पुजारी नियुक्त गरिँदै छ । मच्छिन्द्रनाथ गुठीका ३१ पानेजु गठन गरिने परम्परा रहँदा पिता भुवनराज शाक्यको निधनपछि पुत्र सम्पूर्णराजलाई नयाँ पानेजु नियुक्त गर्न लागिएको हो । पुजारी बन्न पाँच दिनअघिदेखि चोसो खाएर बसेको, विभिन्न देवीदेवताका पूजापाठ गरिएको र रातो ओढ्ने ओढेर प्रक्रिया अघि बढाइएको अर्का पुजारी हेम बज्राचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, मङ्गलबार हामी आठ पुजारी बसेर सानो पूजा सकेपछि नयाँ पानेजु नियुक्त गर्ने कार्य पूर्ण हुन्छ ।

रातो मच्छिन्द्रनाथको आरती दिनमा पाँच पटक हुने गर्छ । मच्छिन्द्रनाथलाई बुङ्मती र तःबहाल दुवैतिर राख्दा दिनमा पाँच पटक आरती गरिने चलन रहेको मच्छिन्द्रनाथका गुरुज्यू अर्थात् मूल पुजारी कमलराज बज्राचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, करुणामयको बिहान ५ बजे, दिउँसो १० देखि ११ बजे, साँझको आरती गर्नुपूर्व, साँझ

बाँकी ८ पृष्ठमा

# कृषिका लागि विश्व बैंकले दिने भयो साढे ९ अर्ब ऋण

काठमाडौं । नेपाल सरकार र विश्व बैंकबीच आठ करोड अमेरिकी डलर (करिब साढे नौ अर्ब रुपैयाँ) बराबरको आयोजना कार्यानवयन सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

ग्रामीण कृषि उत्पादनको बजार पहुँच र ग्रामीण उद्यमशीलताको प्रवर्द्धन गर्दै कोभिड महामारी पश्चातको आर्थिक पुनरूत्थानलाई अभिवृद्धि गर्ने गरी आयोजना आएको विश्व बैंकले जनाएको छ । आयोजनाको नाम 'ग्रामीण उद्यम र आर्थिक विकास' आयोजनाको दिइएको छ । वित्तीय सम्झौता पत्रमा नेपाल सरकारका तर्फबाट अर्थसचिव शिशिरकुमार ढुंगानाले र विश्व बैंकका तर्फबाट माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसले हस्ताक्षर गरे ।

आयोजनाले ग्रामिण उद्यम र साना उत्पादक समूहलाई बजार र संस्थागत खरिदकर्तासम्म जोड्ने विश्वास अर्थसचिव शिशिरकुमार ढुंगानाले व्यक्त गरे ।

उनले भने 'कृषि क्षेत्र र बजारको दिगो सम्बन्धलाइ स्थापित गर्दै यस आयोजना मार्फत प्रोत्साहित गरिने कृषि( व्यवसाय प्रतिस्पर्धाले कोभिड महामारी पश्चातको आर्थिक पुनरुत्थानलाई सघाउनेछ ।' विश्व बैंकका अनुसार आयोजनाले ग्रामिण उत्पादक समूह र निजी क्षेत्रका क्रेताहरू बीच उत्पादनशील

बाँकी ८ पृष्ठमा

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’- *मोहन कार्की*

## सम्पादकीय

# देशले हार्ने आन्दोलन नहोस

संसारमा परिवर्तन अवष्य आवश्यक छ । हुन्छ । र परिवर्तन पछि नै संसारमा बिकास उन्नति प्रगति भएका उदारण पनि छन् । जस्तै नेपालको छिमेकी राष्ट्र चीनले क्रान्त्रिपछि अत्यास लाग्दो बिकास गरेको छ । भने भारतले पनि परिवर्तन पछि केही प्रगति गरेको छ । थुप्रै राष्ट्रहरुले परिवर्तन पछि विकास गरेका छन् ।

तर कतिपय देशमा परिवर्तनका नाममा भएका निर्देशित आन्दोलनका कारणहरुले देश बिभाजन भएको पनि उदारण छन् । जस्तै अहिले बिकशित भएको र नेपालीहरुले समेत काम गर्न जान धेरै रुचाएको देश दक्षिण कोरियासमेत परिवर्तनको नाममा बिभाजन भएर बनेको देश हो । एउटै देश परिवर्तनको नाममा केही दशक अगाडी दक्षिण र उत्तर भएका हुन् । उनिहरु कुनैवेलाका एउटै देशका नागरिक अहिले उत्तर कोरिया र दक्षिण कोरिया लेख्छन् । कतिपय दोस्रो बिश्वयुद्धमा एउटै परिवारका मानिस त्यतिवेला उत्तर र दक्षिण गरेर देश बिभाजन गर्ने क्रममा एउटै परिवारका उत्तर तिर पर्ने उत्तर तिर दक्षिणतिर पर्ने दक्षिणतिर परेर पारिवारिक समेत बिछोड भई बेला बेलामा आफन्त मिलान गरेको समाचार सुन्दा, हेर्दा जो कसैलाई मानवीय भावनाले भावह्वील गराउछ । हो यस्तो खतरासमेत हुन्छ । परिवर्तनको नाममा त्यस्ता खालका उदारणहरु अरुपनि छन् । परिवर्तनको नाममा देशले हारेका कम्बोडिया, सुडान, जस्ता देशको नाम पनि परिवर्तनको नाममा नै बिभाजन भएका मुलुकहरु रहेका छन् । कतिपयमा आजसम्म द्वन्द्ध टुङगिएको छैन । यस्ता द्वान्द्धहरु जव दुईतर्फी अन्तराष्ट्रिय चासो र दवाव हुन्छ त्यस्तो प्रभाव र दवाव हुने देशले नत प्रगति गर्छ नत द्वान्द्धवाट नै मुक्त पाउछ । सधै बम र बारुद्धको धुवामा रुमलिरहेको हुन्छ । त्याहा केवल हत्तियारको कुरा मात्र प्रधान हुन्छ । मानवीयता हुदैन ।

हाम्रो देश नेपाललाई पनि त्यस्तै गराउन खेलिएको खेलमध्य को खेल यतिवेला हामीले बुझ्न पाएका छौ । त्यो तितो कोरियाको अनुभाववाट हामी नेपालीले पाठ सिकेको हुनुपर्छ । नेपालमा यतिवेला उत्तर र दक्षिणको प्रभाव जस्तो राजनीतिक रुपमा देखा परिरहेको छ । त्यो प्रभावलाई नेपालीले तोड्नुपर्छ र नेपालको चाहाना अनुसार नेपालीले आफ्नै इच्छा अनुसारको नीति बिचार काम राजनीति गरेर जाने बातावरण बनाउनु पर्छ । अहिलेसम्म जे- जस्ता खेलले नेपाललाई सिध्याउन खोजेको भएपनि नेपालीहरुको सुझबुझ र एकतालाई भत्काउन नसकेर नेपाली राष्ट्रियता हारेको छैन । आउदा दिनहरु सभ्य तर्कसंगत र वास्तविकतामा आधारित भएर नेपालमा राजनीति परिवर्तन खोज्नुपर्छ ताकी आन्दोलनको नाममा परिवर्तनको नाममा अस्थिरता निम्त्याएर त्यो समयमा बिदेशीले खेल्दै राष्ट्रको प्रतिष्ठा, स्वतन्त्रता, अखण्डामा आच नआवस र राष्ट्रले नहारोस नागरिकहरुले नहारुण नयाँ युगको सुरुवात होस मानवीय हितका लागि प्रणालीको बिकास गर्ने आधार पेश गर्न सक्ने सक्षम नेतृत्वले देशको जिम्मेवारी सगालोस सधै भ्रष्टचार, कुथिति, बेतिथि, भनेर रटान लगाएर कराउनेहरुलाई समेत पनि लाज होसकी हामीले तथ्यको आधारमा बोलेका होइनौ रहेछ ।सवै काम सिस्टमा प्रणालीमा आधारित भएर भएको रहेछ । देशमा कस्तो राम्रो प्रणाली बिकास भएछ भन्ने वातावरण निर्माण गर्ने देशको हितमा हुने परिवर्तन नेपालीले खोजेका छन् । यस्तो खालको परिवर्तन खोज्नुपर्छ ।

तर ति परिवर्तन हुन्छन् भनेर मौखिक रुपमा झुक्याउदै आएका पार्टी र प्रणालीले नेपालको बिकास हुन नसकेको सत्य हो । यो झुक्याउने प्रथा जवसम्म रहन्छ देसले बिकासको मुख देख्न पाउदैन । अर्को सभ्य र सालिन भएर बिचारमा आधारित ब्यवहारिक र देशको दिर्धकालीन योजना दिन सक्ने योग्य ब्यक्तिहरुको प्रतिस्पर्धा हुदैन तवसम्म देशमा नागरिकहरुले खोजेको परिवर्तन सम्भव देखिदैन । त्यसकारण परिवर्तनको नाममा जो जो लागेका छन् । उनिहरुको योजना देशले जित्ने छकी छैन ? त्यो हेरेर बुझेर सजग भएर मात्र परिवर्तनको पक्षमा लाग्नुपर्ने देखिन्छ । त्यसो गरिएन भने भोलिका दिनमा नेपालले ठुलो मुल्य चुकाउनु पर्ने हुन्छ । आजको युग अधिक उत्पादन, बजारको प्रतिस्पर्धा र अर्थयुद्धमा बिश्व गईरहेको समयमा नेपालले केही उत्पादन नगरी बिदेश बिदेश भनेर नेपालका योग्य बिद्यार्थीहरुलाई अर्काको देशमा पठाएर बृद्धाबृद्धा मात्र देशमा राखेर नारामा मात्र परिवर्तन भनेर देशमा परिवर्तन हुदैन । परिवर्तन हुनलाई योजना तय हुनुपर्छ तय भएको योजना पुरा गर्ने आधारहरु तयार गर्नुपर्छ । आधार तयार गरेपछि काम शुरु गर्नुपर्छ काम गरेपछि लक्ष्य राख्नुपर्छ । लक्ष्यमा पुर्‍याएपछि मात्रै परिवर्तनको कुरा गर्न मिल्छ । नेपालका नेपालीले खोजेको आधार सहितको परिवर्तन यो हो । तर त्यो आधार सहितको परिवर्तन खोजेका नेपालीलाई सधै झुक्याएको हुनाले प्रतिस्पर्धामा भाग लिएर प्रथम हुने ब्यवहारिक ज्ञान हाशिल गरेको कथा होइन सीप बाड्न सक्ने क्षमता भएको नेतृत्व चाहिएको छ । जुन नेतृत्वले जनताको विश्वास जितेर देशलाई सधै जिताई राख्न सकोस । हो यस्तो प्रणाली विकास गर्न सक्ने नेतृत्व नेपाल देशलाई चाहिएको छ । त्यो नेपालभित्रवाट सम्भव छ ।

# दुर्घटनातर्फको राजनीतिक यात्रा

**नारायणप्रसाद पौडेल**

भुरूङ जति नाँचे पनि भुँइको भुँइ’ भनेझैं भयो जति व्यवस्था फेरे पनि अवस्था उही र उस्तै रहँदा । पुरानो परिपाटीलाई परिवर्तन गर्न सक्ने, नयाँ व्यवस्था ल्याउन पनि सक्ने तर अवस्था फेरेर टिकाउन चाहिं (व्यवस्थापन गर्न) नसक्ने समस्याले पिरोल्यो । आजको समस्या होइन यो, ००७ सालदेखिकै रोगको उकुच पल्टेको हो । त्यो भन्दा पहिलेको राणाशासनमा जे भएको थियो, छाडौं । नयाँ युगमा प्रवेश गरेपछिको पहिलो अध्यायको शुभ साइतमै मातृकाप्रसाद कोइराला र बीपी कोइरालाबीचको विवादले प्राप्त प्रजातन्त्रको संस्थागत विकास हुन सकेन, गर्न दिएन, दिइएन । ०१७ सालका लागि आधार तयार गरियो, पारियो । त्यसपछिको ३० वर्ष सुखद रहेन । ०४७ सालपछि विवाद अर्को तरिकाले दोहोरियो ।

गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईबीचको विग्रहका रूपमा, ३६ से र ७४ रे का नाममा । गीताध्यायी सन्त नेताको ठट्यौलो शैली तर शान्त स्वभाव, प्रजातन्त्र प्रवर्द्धनप्रतिको, निष्ठा र समर्पणले सघायो, अप्रिय घटना हुन पाएन, रोक्यो, दिइएन । त्यसपछि फेरि गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाका बीचमा विवाद चर्क्यो र शाही सरकार आयो, आउने वातावरण बनाइयो । प्रजातान्त्रिक कालमा नेपाली कांग्रेसलाई सताएको त्यो रोग गणतन्त्रपछि कम्युनिस्टमा सरेर अनिष्ट गर्दैछ, बर्बाद पार्दैछ अहिले । नेपाल कम्युनिस्ट पार्टीमा अध्यक्षद्वयबीचको विवाद मातृका र बीपी, गिरिजा र भट्टराई, गिरिजा र देउवाको नयाँ संस्करणका रूपमा प्रकट भएको छ ।

पात्र, परिवेश, प्रवृत्ति र समय मात्र फरक परेको होला । अरू फरकपन देखिएन, भेटिएन भन्ने धेरै भए । शक्तिको नसा र नसाको शक्तिको समुचित र समयोचित संयोजन र व्यवस्थापन हुन सकेन । एक अर्कालाई सघाएर सफल हुन दिनभन्दा असफल पार्न सक्रिय रहे सहयात्रीहरू । सौताका रिसले श्रीमान्को अल्पायुको कामना गर्नु आफैं विधवा बन्नु हो भन्ने नबुझेपछि स्वेताम्बरी हुनैपर्छ । पछि पछुताउनुभन्दा पहिल्यै विचार गर्ने हो कि ? सौभाग्यवती भवः भनेर आशिर्वाद दिनेहरू पनि अलमलमा परेका छन् अहिले ।

सोच्ने कहिले ?

७० वर्षमा सातवटा संविधान ! हरेक १० वर्षमा उथलपुथल र व्यवस्था परिवर्तनका लागि बहस ! संसारमा प्रयोगमा आएर अभ्यास भएका सबैखाले व्यवस्थाको परीक्षण गरिसकेजस्तो छ सैनिक शासन बाहेक । नेपालको चित्र र राजनीतिक चरित्र देखेपछि दुनिया दङ्ग पर्दो

हो ! जति पवित्र प्रणाली भित्र्याए पनि एकदशकमै अपवित्र र असफल बनाउन सक्ने विचित्रको लोकतान्त्रिक शैली देखेर । कुशल कारिगरका हातमा पर्ने हो भने जस्तै बिग्रेको वस्तु पनि सपारेर सदुपयोग गर्छ । दुर्जनका हातमा परेपछि जति राम्रो, बलियो र टिकाउ माल दिए पनि पार्टपुर्जा फुकाल्छ, बिगार्छ, लथालिङ्ग र भताभुङ्ग पार्छ । बिगार्न र भत्काउन चाहिं जान्ने र सक्ने, बनाउन नसक्ने हुन् त हाम्रा राज्य र राजनीतिक दलका सञ्चालकहरू ? आरोप लगाउनेहरू भन्दैछन् - ००७ सालको दिल्ली सम्झौता हुनुपूर्व, ०४६ सालको परिवर्तन हुनुपूर्व र ०६२/६३ सालको संयुक्त जनआन्दोलन हुनुपूर्वको अवस्थामा पुर्‍याइँदैछ ।

आठ दलका बीचमा भएको तत्कालीन १२ बुँदे शान्ति (दिल्ली) सम्झौतापछिको परिवर्तनको परीक्षण काल सकिएको’ भनेर । हो वा होइन, सम्झौताकारीहरू नै जानून् । ‘शक्ति सन्तुलन फेरिएको र कोर्स करेक्सन’ को सुरूवात भइसकेको अनुमान गर्नेहरू बढ्दै गएका छन् । सत्तासीन दलको झगडा अझै बढ्दै गएर कोभन्दा को कति तगडा भनेर तुजुक तौलन थाल्ने हो भने अनुमान गर्नेहरूका भविष्यावाणी सफल नहोलान् भन्न पनि नसकिएला । राजावादीहरूको आन्दोलन र प्रतिबन्धित विद्रोहीहरूको कथित जनसरकार गठन गर्ने, चन्दा असुल्ने र हिंसात्मक गतिविधिमा उत्रने सक्रियताका बीचमा घोषित वा अघोषित सम्बन्ध रहेको हुन सक्ने अड्कल गर्नेहरूले तत्कालीन सात दलको शान्तिपूर्ण सघर्ष र जनयुद्धकारी शक्तिको साथ र सहयोगको विगत नयाँ आगतका रूपमा अवतरित हुन थालेको बताउने गरेका छन् । राजावादीहरूको मोटरसाइकल र्‍याली र जुलुस प्रदर्शनमा कांग्रेस र कम्युनिस्टका असन्तुष्ट कार्यकर्ता सहभागी रहेको समाचार त सार्वजनिक भएकै छन् । भारतको केन्द्रीय सरकार नबोले पनि उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आफनो चाहना बताउन चुकेका छैनन् । योगीका भाषण छ्याप्छ्याप्ती छन् सामाजिक सञ्जालमा । राजावादी र नेपालका प्रतिबन्धित विद्रोहीका बीचमा सम्बन्ध बनाउने सेतुको काम योगीले गरेका पनि हुन सक्छन्, तत्कालीन अवस्थामा जे.एन्.यु. का प्राध्यापक एस्.डी. मुनिले गरेझैं । विद्रोह गर्ने समूहका प्रमुखले पनि ‘तत्कालीन अवस्थामा राजासँग हाम्रो प्रमुख अन्तर्विरोध र दुस्मनी थिएन, राजा राष्ट्रवादी हुन्’ भनेको अन्तर्वार्ता सामाजिक सञ्जालमा सार्वजनिक भएकै छ ।

बाघ कराउने र बाख्रो हराउने समय संयोग पनि हुन सक्ला । अनुमान गर्नेहरूले प्रकट गरेका आधार कमजोर देखिँदैनन् । सङ्घीयताको विरोध गर्ने चित्रबहादुर केसी र गणतन्त्र तथा धर्मनिरपेक्षताको विरोध गर्ने कमल थापा एउटै सरकारका उपप्रधानमन्त्री भएको विगत स्मरण गर्न सकिन्छ । राजनीति, युद्ध र प्रेममा जे पनि हुन्छ भनिन्छ पनि । शत्रुता र मित्रताको स्थायित्व हुँदैन भन्ने चलन त छँदैछ राजनीतिमा । मुख्य शक्तिका विरूद्धमा विपक्षीहरू एकीकृत भएर जाइलाग्ने चलन पुरानै हो । जनमतकै बलमा सत्ता र शक्तिको स्थायित्व हुँदो हो त बीपी कोइरालाको दुई तिहाईभन्दा बढी बहुमत पाएको सरकार अपदस्थ हुने थिएन । ०४८ सालपछि बहुमतको सरकारको नेतृत्व गरेका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मध्यावधि चुनाव गराउन संसद भङ्ग गर्नुहुने थिएन । सरकार र पार्टी कुन ठूलो भन्ने विवाद सधैं उही र उस्तै तरिकाले नदोहोरिए पनि रोग त उही (पुरानै) नै हो ।

योगी, राजावादी र प्रतिबन्धित विद्रोहीको चाहना पूरा गर्ने कामनालाई सत्ताधारी दलको कलहले नजिक्याउने कि टाढा पुर्‍याउने ? नेकपामा देखिएको अन्तर्विरोध साम्य भए टाढिन्छ, नभएर विभाजनतर्फ लागे नजिकिन्छ भन्नेहरू जतातते छन् । दुवै अध्यक्षलाई दुईतिर दौडाएर एक अर्कालाई दुहाई दिन तम्सेकाहरूले बुझुन् । दुई नेताका वरिपरि बसेर, आकाक्षालाई उकासेर इर्स्या, जलन, उत्तेजना, उन्माद र अहंकारमा परिणत गराएर एक अर्का विरूद्ध प्रहार केन्द्रित गराउनेहरूले दुर्घटनातर्फ डोर्‍याएको देखेको छ दुनियाँले । ६३ लाई ३६ बनाउनेहरू जति नजिकका भए पनि जन्ती बन्न सक्दैनन्, मलामी हुन् । जन्तीले त दुई परिवारका बीचको सम्बन्ध जोड्ने सेतुको काम गर्छन् । परिवारभित्रको सम्बन्ध सुधार्नभन्दा बिगार्न उद्यत जमातलाई बराजु मानेर जदौ गर्न सकिन्न ।

असफल पार्न सफल, सफल हुन असफल नेपाली राजनीतिले रोगको उल्मूलन गर्नभन्दा रोगीलाई सिध्याउने काम गर्‍यो सधैं । कोर्स करेक्सन गर्ने नै हो भने रोगीको उपचार र उपकार गरेर रोगलाई मासौं, सिध्याउँ । माटो बदल्न सकिन्न । बाटो बदलौं, शैली फेरौं र हेरौं । आफैं बदलिए दुनियाँ बदल्न सकिन्छ । आफना अनुहारमा लागेको दाग मेटाउन छाडेर ऐना फोर्न र फेर्न थालेर काम बन्दैन । नेतृत्वका क्रियाकलापले राजनीतिप्रति नै घृणा गर्ने र वितृष्णा बढाउने काम गरेको छ । आरोप र आलोचनाभन्दा आत्मसमीक्षाको खाँचो छ । तीनवटै सरकारले आफैँबाट भएका त्रुटि सच्याउनभन्दा विपक्षी सिध्याउने बुटी खोज्दै हिँडेर गन्तव्यमा पुगिन्न । जहाँको तहीँ रहिन्छ । भुरूङ नाचे झैं हुन्छ । त्यही भइरहेको छ ।

सङ्घीय संरचनामा गएपछि प्रदेश सरकार र जिल्ला समन्वय समितिको आवश्यकता र औचित्यमाथि प्रश्न उठाउन छाडिएको छैन । प्रदेश सरकारका कतिपय मन्त्री, सांसद र जिल्ला समन्वय समितिका पदाधिकारीहरूले आफैं ‘जोक्कर फाल्टु भइयो, वडाध्यक्षको जति पनि अधिकार रहेन, काम भएन’ भन्छन् । सरकारका जिम्मेवार व्यक्ति र संरचना नै बेकार भएको, बेरोजगार रहेको विषय अरूले लगाएका आरोपभन्दा आफैं भोगेर बकेका हुन् । अवास्तविक होइनन्, छैनन् । सङ्घीय र स्थानीय सरकारको संरचनाका बारेमा कसैले पनि प्रश्न उठाएको सुनिंदैन । शासकीय शैली सुधारका विषयमा भने विमति नराखेको भेटिंदैन । विमतिलाई सहमतिमा लैजाने सूत्रको आवश्यकता रह्यो ।

(लेखक स्वतन्त्र पत्रकार हुनुहुन्छ ।)

# व्यावसायिक घाँसखेतीबाट मनग्य आम्दानी

सरूमारानी गाउँपालिका-२ ददेरीका ५३ वर्षीय धनबहादुर कुमालले एक दशकदेखि घाँसखेती गर्दै आउनुभएको छ ।

करिव १६ वर्ष नेपाल प्रहरीको सेवामा बिताउनुभएका उहाँ रोजगारीका लागि चार वर्ष मलेशिया समेत बस्नुभयो । विदेशमा दुःख गर्नुको साटो आफनै ठाउँमा केही गर्ने सोचसहित घर फर्किएर उहाँले विसं २०६८ जेठमा आठ सय गाँजबाट घाँसखेती शुरूआत गर्नुभएको हो । उहाँ भन्नुहुन्छँबाँझोबारीमा परम्परागत रूपमा अन्नबाली लगाउँदा परिवार पाल्न गाह्रो भएपछि घाँसखेतीमा लागैँ ।

उहाँले विसं २०७१ मा हरियाली ताजा केरा तथा घाँस नर्सरी फार्म दर्ता गरी व्यावसायिक रूपमा घाँसखेती शुरू गर्नुभएको थियो । ँपरम्परागत रूपमा खेती गर्दा ६ महिना पनि खान पुग्न छाडेपछि घाँसखेतीतर्फ आकर्षित भएँ ,उहाँले भन्नुभयो ँअहिले घाँसखेतीबाट राम्रै आम्दानी लिएको छु । आफनै २० रोपनी क्षेत्रफल जग्गामा घाँस लगाएको छु ।

फार्ममा १४ प्रजातिका पाँच हजार घाँसका गाँज हुर्किएका छन् । उहाँले तत्कालीन भेटनरी कार्यालयबाट निःशुल्क रूपमा घाँस लिई उत्पादन शुरू गर्नु भएको थियो ।

फार्ममा हाल डाले तर्फ शितलेस, इपिलिपी, बगानो, भटमासे, नेपियर, सिओ फोर, सियो थ्री, सुपर नेपियर, मलाटो, पाँच फलामलगायतका घाँस रहेका छन् ।

फार्ममा उत्पादन भएका घाँसका बिरूवा बेच्नका लागि समस्या नभएको किसान कुमालले जानकारी दिनुभयो । उहाँका अनुसार घाँस खरिद गर्नका लागि ग्राहक घरमै आउने गरेका छन् । उहाँले उत्पादन गरेका घाँसका बेर्ना जिल्लासँगै छिमेकी जिल्ला रोल्पा, दाङ, बाँके, सुर्खेतलगायतका क्षेत्रमा खपतहुँदै आएको छ ।

रू दुई लाख ५० हजार लगानी भएको घाँसखेतीबाट आम्दानी सोचेजस्तै भएको उहाँले जानकारी दिनुभयो । ँविदेशमा भन्दा यहाँ खुशी छु , उहाँले भन्नुभयो ँअन्यखेतीको तुलनामा घाँस खेती गर्न सहज छ । घाँसखेतीलाई वर्षमा एक पटक मलजल गरे पुग्ने उहाँको भनाइ छ ।

घाँसखेतीबाट उहाँले अघिल्लो वर्ष रू चार लाख ५५ हजार र चालु वर्ष २०७७ को हालसम्म रू दुई लाख ८२ हजार आम्दानी लिनुभएको थियो । साविकको जिल्ला पशुसेवा कार्यालय प्यूठान र किसानका लागि उन्नत बीउबिजन कार्यक्रम (केयूबिके)मार्फत घाँसको बीउ उपलब्ध भएको बताइएको छ ।

यस्तै सिँचाइका लागि पशुसेवा केन्द्र दाङले घाँस सिँचाइका लागि २०७६ मा रू पाँच लाखको ट्याङ्की अनुदानमा समेत दिएको थियो । ट्यांकी भएपछि सिँचाइका लागि थप सहज भएको समेत उहाँले बताउनुभयो ।

घाँससँगै केराखेती

किसान कुमालले घाँससँगै केराखेती पनि गर्दै आउनुभएको छ । उहाँले तत्कालीन कृषि कार्यालयबाट ५० प्रतिशत अनुदानमा डेढ बिघा क्षेत्रफलमा मालभोग जातको पाँच हजार केरा लगाउनुभएको छ । उहाँले भन्नुभयो ँअगिल्लो वर्ष रू एक लाख ६५ हजार र चालू आवमा रू एक लाख बराबरको केरासमेत बिक्री गरैँ । उत्पादित केरा घरबाटै खपत हुने गरेको उहाँको भनाइ छ ।

# श्रीराम सुगर मिल्सले गर्‍यो रु २५ करोड भुक्तानी

रौतहटको गरूडा नगरपालिका-४ स्थित श्रीराम सुगर मिल्सले किसानको बक्यौता रकम भुक्तानी गर्न शुरू गरेको छ । किसानलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकममध्येमा मिल्सले शुक्रबार र आइतबार गरी दुई दिनमा रू २५ करोड तीस लाख २७ हजार ५२६ रकम किसानको खातामा जम्मा गर्न बैंकमा पठाइसकेको जनाएको हो । उक्त मिल्सले आज एक विज्ञप्ति जारी गर्दै पहिलो दिन अर्थात शुक्रबार रू १६ करोड ४४ लाख ७० हजार र आइतबार रू आठ करोड ८५ लाख ५७ हजार रकम किसानको खातामा जम्मा गर्न बैंकमा पठाइसकेको जनाएको छ । मिल्सले बाँकी रकम प्रत्येक दिन क्रमश भुक्तानी गर्दै जाने जनाएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको तथ्यांक अनुसार श्रीराम सुगर मिल्सको बक्यौता रकम रू ३५ करोड रहेको छ । अझै मिल्सले रू १० करोड रकम भुक्तानी गर्न बाँकी रहेको छ । यसैगरी मन्त्रालयको तथ्यांक अनुसार लुम्बिनी चिनी

बाँकी ८ पृष्ठमा

# धर्म निरपेक्षको बिरुद्धमा धर्म सपेक्षताको पक्षमा आवाज बुलन्द गरौं

काठमाडौमा बि. स. २०१२ सालमा जन्मनु भएका नवराज सिंखडाको राजनीतिक यात्रा जति लामो छ त्यति नै मात्रमा अनुभवले पनि तिखारिनु भएको छ ।

बि.स. २०३३ सालमा युवा अवस्थामा नै डाँछी गाउ पञ्चायतको वडा न. ६ को वडा सदस्य भई जनताको सेवा गर्न थालेका सिंखडाले बि.क्र. २०३६ सालको जनमत सग्रहमा राष्ट्रियता बलियो बनाउन पञ्चायतको पक्षमा सत्रीय भुमिका निभाउनु भयो र बि.स. २०४३ मा भएको डाँछीको वडा अध्यक्षमा बिजयी भएर राजनीतिक सफलता हाशिल गर्दै जनताको सेवा गर्दै जानुभयो । बि.क्र. २०४४ मा काठमाडौं जिल्ला मजदुर संगठनको सभापति जसमा ४ वटा मजदुर संगठन आबद्ध थिए सोहि संगठनको पदेन जिल्ला पञ्चायत सदस्य हुदै बि.क्र. २०४७ सालमा राप्रपा पार्टीको स्थापना भएसँगै काठमाडौ जिल्ला सचीवको रूपमा काम गर्न थाल्नुभयो । बि.स. २०४८ मा राप्रपाकै क्षेत्रीय अध्यक्ष क्षेत्र न. १ काठमाडौवाट क्रमशः अगाडी बढ्दै प्रगतिपथमा लम्कनु भयो । बि.स. २०५१ सालको निर्वाचनमा प्रतिनिधिसभाको सदस्यमा काठमाडौ क्षेत्र न. १ वाट उम्मेद्वार बन्नुभयो । प्रतिनिधिसभा सदस्यमा पराजय ब्योहोरेका सिंखडाले जनताको सेवा भने गर्न छाड्नु भएको थिएन त्यसैले पुनः बि.स. २०५४ मा भएको स्थानीय निर्वाचनमा पुनः डाँछी वडा न. ६ को वडा अध्यक्षमा निर्वाचित हुनुभयो । बि.स. २०५६ को प्रतिनिधिसभाको निर्वाचनमा उम्मेद्वार बन्नु भएका सिंखडाको चाहना गाउँ, टोल, वडा, क्षेत्रका जनताको सेवा गरिसकेको हुनाले केन्द्रमा गएर देशको नीति कार्यक्रम लागु गर्ने सपना थियो रे तर त्यो पुरा हुन सकेन त्यो पराजय ब्यहोरे पनि गुठी संस्थानको अध्यक्ष जस्तो महत्वपुर्ण पदमा सेवा गर्ने अवसर प्रप्त भयो । पाएका अवसरहरू सदुपयोग गर्न सिपालु सिंखडा अझै धेरै सेवा गर्न लालयित छु भन्नुहुन्छ ।

बि. स. २०६२/६३ को परिवर्तनपछि काठमाडौमा बसेको राप्रपा नेपालको भेलाले राप्रपा नेपालको काठमाडौ जिल्ला अधयक्षमा सर्वसहमत हुनुभयो । लगतै बि.स. २०६४ मा क्षेत्र न. २ वाट राप्रपा नेपालले संविधानसभा सदस्यको उम्मेद्वार बन्न जिम्मेवारी दियो र संविधानसभाको उम्मेद्वार बन्नुभयो । बि.स. २०६६ मा एकृकीत भएको राप्रपामा उपत्यका संयोजकको रूपमा रहेर पार्टीको काम गर्नुभयो । बि.स.२०६९/७० मा एकीकृत भएको राप्रपाको काठमाडौ जिल्ला अध्यक्षको जिम्मेवारी पाउनु भयो । बि.स. २०७० मा दोस्रोपटक संविधानसभा सदस्यको उम्मेद्वार उठ्नु भएका सिंखडाले त्यतिवेलाको एमालेका पुर्व महासचीव माधव कुमार नेपालसँग चुनावको प्रतिस्पर्धा गर्नुपरेको थियो । बि.स.२०७१ मा भएको उपनिर्वाचनमा पुनः काठमाडौ क्षेत्र न. २ मा भाग लिनुभयो । पार्टीभित्रको संगठनमा जति सफल भएपनि निर्वाचनमा भने असफल रहदै आउनु भएका सिंखडाको एकपटक संसद सचीवालमा गएर नेपालको नीति कार्यन्वयन गर्ने सपना रहेको हमीसँग बताउनु भएको छ । उहा हाल उकीकृत भएको पछिल्लो पार्टी समिकरणपछि बनेको राप्रपा कै काठमाडौ. जिल्ला अध्यक्षको रूपमा रहनु भएको छ । तर काठमाडौ जिल्ला अध्यक्ष डा. लोहनी समुह र कमल थापा समुह कसले नेतृत्व गर्ने टुङ्गो लागेको छैन । त्यो भन्दा फरक प्रसंगमा कुराकानीको बिस्तृत सार याहा प्रस्तुत गरेका छौ ।

**० स्वागत छ जनअकाश मिडियामा**

धन्यवाद ।

**० तपाईहरू राप्रपालाई एकीकृत गर्दै शक्ति निर्माण गर्ने भन्दै आउनु भएको छ । यो अभियाँन अर्न्तग के काम भईरहेका छन् बताईदिनुस न ?**

- राष्ट्रिय प्रजातन्त्र पार्टी एकीकृत भएपछि मात्रै होईन । एकीकृत हुनुभन्दा अगाडीदेखि नै चुनावमा एजेण्डाहरू लिएर अगाडी बढीरहेको थियो । राजासहितको प्रजातन्त्र, सर्वधर्म समभाव पुर्ण धार्मिका स्वतन्त्र सहितको हिन्दु राष्ट्र, संघियता होईन । स्थानीय निकायलाई स्वतन्त्र निष्पक्ष ढंगले स्वायतता अधिकार दिएर अगाडी बढाउनुपर्छ भन्ने जुन अवधारणा बोकेर आईरहेको थियो ।त्यो अवधारणालाई हामीसँग बिचार मिल्ने शक्तिहरूसँग सहकार्य गर्दै मेलमिलाप गर्दै अगडी बढेर यसलाई स्थापित गर्ने यसवाट मुलुकको सर्वाङ्ग बिकासमा टेवा पुग्छ भन्ने हाम्रो मान्यता हो । यसैको आधारमा कार्यक्रमहरू अगाडी बढीरहेका छन् ।

**० राप्रपालाई कहिलेकाही फुटको रोगपनि लाग्ने गर्छ बिभिन्न टुक्रामा बिभाजन हुने पुनः एकीकृत हुने फेरी टुटफुट हुने अहिले चै एकीकृत भएको छ । केन्द्रमा समायोजन भईनै सकेको छ । स्थानीय, जिल्ला तहहरूमा के भईरहेको छ ?**

- पर्टी केन्द्रमा मात्र एक भएर हुदैन । जवसम्म हामी स्थानीय तहलाई मजवुद बनाउन सक्दैनौ एकतावद्ध भएर एउटै शुत्रमा गास्न सक्दैनौ । त्यतिवेलासम्म पार्टी बलियो हुन सक्दैन । इमानदारीपुर्वक स्थानीय तहमा गाउँ, वडास्तरदेखि जिल्ला, क्षेत्रलाई एक बनाउनुपर्छ । केही असहज अवस्थाहरू पनि छन् । तर हामीले नीति निर्माण भईसकेपछि नीति अर्न्तगत रहेर एकतामा संलग्नता जनाउनुपर्छ । सवैको सहभागिता हुनुपर्छ । त्यल्ले नै पार्टी बलियो हुन्छ । पार्टी बलियो भयो भने हाम्रो मुद्धाहरू स्थापित हुन्छन् । हाम्रा एजेण्डाहरू स्थपित गर्न सकिन्छ । हाम्रा एजेण्डा स्थपित भएपछि सवै साथीहरूले काम गर्ने अवसर पाउनुहुन्छ । केही असहजताहरू छन् केही समयमा यसको छिट्टै सावधान हुन्छ भन्नेमा म बिश्वास गर्छु ।

**यहाले भन्नुभयो शक्ति निर्माण गरेपछि सम्वन्धित ठाउँमा पुग्न पाईन्छ । योजना कार्यन्वयन गर्न पाईन्छ भन्नुभयो तर तपाईहरूको पार्टी जो संविधानसभा भाग १ भाग २ मा जनताले केही जनमत दिएकै हुन् । तपाई रहेकै पार्टी अध्यक्षले गणतन्त्र घोषणा गर्ने सविधानमा सही ठेकेका होईनान् भन्या ?**

हामीले यो कुरा बुझाउन सकेनौ । के बुझाउन सकेनौ भने तपाईले महत्वपुर्ण प्रश्न गरिदिनुभएको छ । अहिले पनि म रहेको पार्टी अध्यक्ष भन्नाले तपाईले इगित गर्न खोज्नुभएको कमल थापालाई ईगित गरेको हो भन्ने म ठान्दछु । तत्कालीन अवस्थामा राप्रपा नेपालको अध्यक्ष उहा हुनुहुन्थ्यो । राष्ट्रिय प्रजातन्त्र पार्टीको अध्यक्ष कमल थापाले गणतन्त्र स्थापित गराउने भुमिका खेल्नु भएको होईन । हामीले २०७० को चुनावमा २४ सीट जित्यौ १ सीट मनोनित गर्दा २५ सीट हामीले प्रप्त गऱ्यौ त्यो २५ सीटले सधैभरी सदनमा राजतन्त्रको पक्षमा गणतन्त्रको बिपक्षमा संघियताको बिपक्षमा स्वायतता शासनको पक्षमा स्थानीय प्रशासनलाई ससक्त, बलियो बनाउनुपर्छ भन्ने पक्षमा धर्म निरपेक्षको बिरूद्धमा धर्म सपेक्षताको पक्षमा आवाज बुलन्द गऱ्यौ । हरेक सवालहरूमा हामीले बोल्यौ । हाम्रो नेतृत्वगणले बोल्नुभयो । संशोधन प्रस्तावहरू राख्यौ । संविधान जारी हुदा भोटिङग भयो । त्यो भोटिङमा हामी बिपक्षमा बसेर संविधानको बिपक्षमा उभियौ । यो संविधानलाई हाम्रो मान्यता छैन भन्यौ । त्यति हुदाहुदै पनि हामी जम्मा २५ जना माात्रै थियौ । संघियताको बिपक्षमा हामी सँगसँगै चित्र बहादुर केसीहरू पनि उभिनुभयो । त्योभन्दा बाहेक अरूले संविधानको बिपक्षमा अरूले मत जाहेर गरेनन् राप्रपा नेपाल मात्र त्यस्तो एउटा पार्टी थियो । जसले संविधानको बिपक्षमा, गणतन्त्रको बिपक्षमा, संघियताको बिपक्षमा, धर्म निरपेक्षताको बिपक्षमा त्यति गरीसकेपछि सदनमा ९३ प्रतिशतभन्दा बढी बहुमतिय प्रणालीवाट संविधान पास भयो । त्यो संविधान पास भईसकेपछि हामीले उपयोग गर्दै आफना मुद्दाहरूमा अगाडी बढ्नुपर्छ भन्ने रणनीति अर्न्तगत हाम्रा मुदाहरू नसमेटे सम्म असहमति रहने जस्तै गणतन्त्र, धर्मनिरपक्षेता लगायत अरू सविधानमा रहेका राम्रा पक्षहरूलाई हाम्रो समर्थन रहने निर्णय अर्न्तगत हामी अगाडी बढ्यौ ।

यो कुरा हामीले आम जनतालाई पनि बुझाउन सकेनौ । तपाईहरू जस्तो पत्रकार मित्रहरूलाई पनि बुझाउन सकेनौ र बुझेर पनि यो कुरामा बुझ पचाउने काम भो । हामीसँग दुईवटा बिकल्प थियो । हामीले यो संविधान नमानेको भए सदनवाट बाहिर आउनुपऱ्थ्यो । सदनवाट बाहिर आईसकेपछि हामी जङगल गएर बन्दुक बोक्नुपऱ्थ्यो । यो संविधान नमानेपछि सदनमा बस्नु त उपयुक्त हुन्नथ्यो । बन्दुक बोक्न जानुपऱ्थयो । आखिर बन्दुक बोकेर १७ हजार भन्दा बढी मान्छे मरे मराएर बल्ल बल्ल स्थिर शासन शान्ति सुरक्षा कायम हुन लागेको बेला फेरी हामी जङगल गएको भए के हुन्थ्यो । त्यसकारणले जङगल जाने बाटो रोजेनौ । यो संविधानलाई उपयोग गर्दै जनमत आर्जन गरेर बैधानिक तरिकाले हाम्रा मुदाहरू स्थापित गर्नुपर्छ भनेर लाग्यौ यो कुरा केही जनताहरूलाई पचेन । वास्तमा हामीले बुझाउन नसकेर पचेन । त्यसकारण हामीले गणतन्त्रको पक्षमा कुनै मुल्यमा कुनै हालतमा समर्थन गरेका छैनौ । संघियताको पक्षमा सहयोग गरेका छैनौ । धर्म निरपेक्षताको बारेमा सहयोग समर्थन गरेका छैनौ । यसको डटेर बिरोध गर्दै आएका छौ ।

**संविधान जारी भएको झण्डै ५ बर्ष भएको छ । जनताहरू सडकमा उत्रिएका छन् कुनै पार्टीको झण्डा देखिदैन । राष्ट्रिय झण्डा लिएर नागरिक आन्दोलनको रूपमा छन् । राप्रपा लगायत अन्य पार्टीहरू पनि राजतन्त्रको आवाज उठाईरहेका छन् नागरिक आन्दोलनकारीले पनि राजतन्त्र भन्न थालेका छन् । राप्रपाले पनि राजतन्त्र भन्छ यसको तात्वयीक भिन्नता के छ प्रष्ट पारिदिनुहुन्छ की ?**

- जसरी ६२/६३ को आन्दोलन भयो संविधान बन्नुभन्दा अगाडी नै राजाका अधिकारहरू खुम्चिए नेपालमा धर्म निरपक्षेता लादियो । हिन्दुराष्टू हटाईयो । त्यो बेलादेखि नै हामीले राजतन्त्रको पक्षमा हिन्दुराष्टूको पक्षमा आवाज उठायौ तर राम्रोसँग आम जनतालाई बुझाउन सकेनौ ६२/६३ को आन्दोलनपछि २०६४ को चुनाव भो सरकारहरू बने जनताले के खोजेको थ्यो भने साच्चै राजाले यो देशमा ठुलो शोषण गरेको रहेछ की ?साच्चै राजाको कारणले यो मुलुक नबनेको रहेछ की ?साच्चै हिन्दु राष्ट्रको कारणले यो मुलुक नबनेको रछ की ? गणतन्त्र भएपछि, धर्मनिरपेक्षता भएपछि, बिकास पाउछौ सुविधा पाउछौ, भन्ने आश नेपाली जनताले गर्ने गरेका रहेछन् । त्यो कुरामा नेपाली जनता निरास हुन पुगे २०६४ देखि ७७ सम्मको १३ बर्षको अन्तरालमा हामीले हाम्रो स्वाभिमान गुमायौ, राष्ट्रियतामाथि प्रश्न चिन्ह खडाहुन थाले, मुलुक बिकासतिर होईन उधोगतितिर जान थाल्यो । मुलुकले गति लिन सकेन । नागरिकहरू रोजगारी नपाएर बिदेश पलायनमा बृद्धि हुदै गयो । जिउ ज्यानको सुरक्षामा कमीकमजोरी आउन थाले हुदा हुदा दलहरूभित्र नभएर परिवार भित्र खुम्चिन पुगे पार्टी भनेको परिवारमा खुम्चिन पुग्यो त्यो आम नेपाली जनताले महसुस गर्न पुगे । आम राष्ट्रवादी, बुद्धिजीवि, वकिल, पत्रकार, बिद्यर्थी, मजदुर, सवैले अव यो मुलुक यसरी चल्ने रहेनछ हामीलाई नेताहरूले जे जे कुराहरू भनेर आए ति कुराहरू गलत रहेछन् । राजा भएर यो देशको बिकास नभएको होईन रहेछ । हिन्दु राष्ट्र भाएर यो मुलुकको बिकास नभएको होईन रहेछ । यिनिहरूले हामीलाई गलत सुचना प्रर्वाह गरेर झुक्याएछन् । अव हामी झुक्किनु हुदैन । यि कुराहरू स्थापित गरेर मुलुकलाई स्थाईत्व दिनुपर्छ । यसवाट नै मुलुकको बिकास हुन्छ भन्ने जागरण, चेतना आम नागरिकमा आयो । त्यसकारण आम नागरिक आन्दोलनमा सडकमा ओर्लिए । त्यो आम नागरिक आन्दोलन भित्र राष्ट्रिय प्रजातन्त्रवादी पार्टीका कार्यकर्ताहरू पनि राष्ट्रिय झण्डाभित्र जानुभको छ । जसलाई आफ्नो एजेण्डाको कुरा आको छ । जसले उठाईदिवस स्वत स्फुर्त हाम्रो पार्टीको नीति के छ भने हिन्दुराष्ट्रको पक्षमा, राजतन्त्रको पक्षमा, संघियताको बिरूद्धमा जसले आवाज उठाएपनि हाम्रा कार्यकताहरू स्वत स्फुर्त रूपमा समर्थन गर्न जाने छ । भने राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि विभिन्न जिल्लाहरूमा हाम्रा कार्यक्रमहरू सुरु भएका छन् । काठमाडौ भित्रपनि केहीदिनभित्र कार्यक्रम गदैछौ । मोटरसाईकल ऱ्याली जुलुस सभा लगायत त्यो अभियाँनमा हामी जुट्दै छौ ।

तपाईले राष्ट्रियताको कुरा उठाउनु भयो । राष्ट्रियताले नेपालीलाई छुने गर्छ । नेपालको राजनीतिक ईतिहाँस हेर्दा प्रजापरिषदको स्थापना बाहेक अन्य पार्टीहरूको स्थापना भारतमा भएका रहेछन् २००४मा नेपाली कांग्रेस, २००६ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भारतमा भएको रहेछ ।

नेपालमा हरेक १० बर्षमा परिवर्तनको माग उठ्दो रहेछ । तर परिवर्तको नाममा नेपालका उधोग, कलकारखाना बन्द गराईएका रहेछन् । आन्दोलन मात्र गरिरहदा देशको, जनताको पक्षमा भएको देखिएन । परिवर्तनको नाममा बिकास गरेको पाईएन बरू राणकालीन र महेन्द्रकालीन समयमा वाहेक । अहिले करिव १३ बर्ष भयो अलि शान्त छ देश फेरी एकखालको आन्दोलन उठ्न लागेको छ । अहिले उठिरहेको आन्दोलनले देशले यसरी फडको मार्छ पहिलाका जस्ता बिदेशी निर्देशनमा यो आन्दोलन होइन भनेर मलाई म मार्फत जनतालाई सिधा भाषामा तपाईले भन्नैपर्छ । यो कस्तो मोडलमा हुदैछ ?

नेपालमा जाहानिहा साशनको बेला जसले जाहा बसेर पार्टी स्थापना गरे त्यो समयको आफनै ईतिहाँस छ । पार्टी गठन गरे आफनै पृष्ठभुमि छ । त्यसतर्फ हामीले बिशेष चर्चा गरिरहनुपर्ने अवस्था छैन । के बुझ्न पर्छ भने महत्वपुर्ण कुरा हामीले हाम्रै माटोलाई सम्झेर हाम्रै माटोको माया गर्ने नेता नेतृत्वमा पुऱ्याउन सकेनौ भन्ने लाग्छ मलाई तपाईले राजा महेन्द्रको कुरा उठाउनु भो पृथ्बिनारायण शाहपछि सशक्त रूपमा राष्ट्रवादी यो राष्ट्रलाई हरेक कोणवाट प्रगति गराउन सोच्ने राजा महेन्द्र मैले पनि देखेको छु । म १२ सालमा जन्मेको राजा महेन्द्रको स्वर्गीय २०२८ मा भएको थियो । त्यो छोटो समयमा पनि राजाको सक्रियता त्यतिवेलाको त्यो नीतिहरू हेर्दा र तत्कालिन अवस्थाको राज्यको काम गराई हेर्दा राजा महेन्द्र राष्ट्रियताप्रति महेन्द्र अत्यन्त सजग,चनाखो,दुरदर्शि सोच राखेर यो मुलुकको साशन गरेको देखिन्छ । त्यो सँगसँगै हामीले किन गर्न सकेनौ । पञ्चायतले गर्न सकेन भनेर हामीले बहुदल ल्यायौ । १०/१० बर्षमा परिवर्तन हुन्छ याहा आन्दोलन हुन्छ । त्यसले केहीन केही रूप परिवर्तन गर्छ भन्यौ । त्यो आम नेपाली जनतालाई थाहा छ । आम नेपाली जनताले चासो राखेका छन् जुन तपाईले चासो राखेर सोध्नु भो ।

सर्वप्रथम कुरा के हो भने तपाई हामीले हाम्रो माटोको लागि हाम्रो भुमिको लागि नेपालको लागि नेपालीले नै अन्दोलन गरेर जवसम्म कुनै चिज स्थापित गर्न सक्दैनौ त्यतिवेला सम्म तपाई हाम्रो पकडभित्र रहदैन । २००७ सालको परिवर्तन काहा बसेर भो भारतमा,२०१७ साल आयो त्यसलाई पञ्चायती साशन भनियो । एकथरी जो प्रजातन्त्रको कुरा गर्नुहुने नेताहरूले राजा महेन्द्रले एकतन्त्रीय साशन चलाए हामीले बिद्रोह गर्नुपर्छ । उहाहरू अलग बसेर युद्ध लड्नु भो । पञ्चायतको ३० बर्षे कालमा प्रजातन्त्र छैन भनेर ठुलो जमातमा हौवा फिजाएर नारा मात्र लगाए । मुलकको हितहुने कुरामा लागेनन् । त्यो हुदाखेरी मुलुकको बिकास जति हुन पर्थ्यो त्यति हुन सकेन । तर राजा महेन्द्रका दुरदर्शिताले खोलेका त्यतिवेलाका कलकारखानाहरू आज कहा छन् । कहा गए । दर्जनौ दर्जन उद्योगहरू आज बिस्थापित भएका छन् हजारौ हजारले रोजगार गुमाएका छन् ।

म यहा फेरी पनि दोहोऱ्याएर भन्छु अर्काको आड भरोसामा मुलुकमा राजनीतिक शासन परिवर्तन हुन्छ ? मुलुकले काचुली फेरेको भनेर ठुलाठुला स्वरले कराउछौं । २०४७ साल आयो काग्रेसले बहुमत ल्यायो हाम्रो नियती हामीले मत दिएको आधारमा हाम्रो नेतृत्वले काम गर्दो रहेनछ । यो कुरा सवै नेपालीले बुझ्नु पर्छ जवसम्म यो कुरा हामीले बुझ्दैनौ त्यतिवेला सम्म मुलुकको बिकास हुन सक्दैन । जति कुरा गरेपनि बिकास हुन सक्दैन । हामी काहा गएर खुम्चियौ भने रिमोट कन्ट्रोलमा गएर खुम्चियौ । यो मुलुकमा अहिले दुईतिहाई ल्याएको सरकार छ त सरकारले यो मुलुकले स्थिरता किन पाएनौ ? सुशान किन पाएनौ ? आज

बाँकी ८ पृष्ठमा



## नवराज सिंखडा
## काठमाडौं जिल्ला अध्यक्ष (राप्रपा)

# प्रभु बैंक डिबेञ्चर-२०८७ का लागि निष्काशन तथा विक्री प्रबन्धक नियुक्ती सम्बन्धी

प्रभु बैंक लि. ले रु. १,०००।- अंकित दरको १० वर्षको भुक्तानी अवधिका लागि जारी गर्न लागेको"प्रभु बैंक डिबेञ्चर-२०८७" निष्काशन गर्नको लागि श्री मेगा क्यापिटल मार्केट्स लि.लाई निष्काशन तथा विक्री प्रबन्धकको रुपमा नियुक्ती गर्ने सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौतामा प्रभु बैंक लि.का



तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचन र मेगा क्यापिटल मार्केट्स लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री सुदयकान्त झाले हस्ताक्षर गर्नु भएको हो।

प्रभु बैंक लि.ले वार्षिक ८.५ प्रतिशतका दरले प्रत्येक तीन/तीन महिनामा ब्याज भुक्तानी हुने गरी रु. ४ अर्ब बराबरको "प्रभु बैंक डिबेञ्चर- २०८७" नामक ऋणपत्र (Debenture) सार्वजनिक निष्काशन गर्न लागेको छ। २ अर्ब ४० करोड रुपैयाँ बराबरको ऋणपत्र (Debenture) व्यक्तिगत तबर(Private Placement)बाट र १ अर्ब ६० करोड बराबरको ऋणपत्र (Debenture) सर्वसाधारणमा निष्काशन गर्न लागेको हो। मेगा क्यापिटल मार्केट्स लि. निष्काशन तथा विक्री प्रबन्धकत्वमा निकट भविष्यमा निष्काशन हुन लागेको रु. ४ अर्ब बराबरको "प्रभु बैंक डिबेञ्चर-२०८७" को ट्रष्टीको रुपमा पनि मेगा क्यापिटल मार्केट्स लि.लाई नै नियुक्त गर्ने सम्बन्धी सम्झौता पनि आजै हस्ताक्षर भएको छ।

नेपाल धितोपत्र बोर्डबाट आवश्यक स्वीकृति प्राप्त भए पश्चात् "प्रभु बैंक डिबेञ्चर- २०८७" सार्वजनिक निष्काशन गरिनेछ।

# नेपाल इन्भेष्मेण्ट बैंकद्धारा लाभांश प्रस्ताव

काठमाडौं। नेपाल इन्भेष्टमेण्ट बैंकले गत आर्थिक वर्ष ०७६र७७ को लाभांश प्रस्ताव गरेको छ। कम्पनीको आइतवार बिहान बसेको सञ्चालक समितिको बैठकले १३ प्रतिशत बोनस शेयर र कर प्रयोजन समेत ५ दशमलव ५० प्रतिशत नगद लाभांश गरी कुल १८ दशमलव ५० प्रतिशत लाभांश वितरण गर्ने भएको छ। उक्त प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति पश्चात बैंकको आगामी साधारण सभाले पारित गरेपछि वितरण हुने जनाइएको छ।

# पोखरा फाइनान्सको लाभांश प्रस्ताव

पोखरा फाइनान्स लिमिटेडले आर्थिक वर्ष २०७६र७७ को लाभांश प्रस्ताव गरेको छ। कम्पनीको सञ्चालक समितिको गत पुस ३ गते अपरान्ह बसेको बैठकले गत आर्थिक वर्षको मुनाफा तथा प्रिमियम कोषबाट हाल कायम चुक्तापुँजी ९१ करोड ७२ लाख ८१ हजार ७०४ रुपैयाँको ५.२६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो। प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि आगामी वार्षिक साधारणसभाबाट पारित गरी सेयरधनीहरुलाई वितरण गरिने जनाइएको छ।

# एनसीसी बैंकले १०.८१ ५ लाभांश दिने

काठमाडौं। नेपाल क्रेडिट एण्ड कमर्स (एनसीसी) बैंकले सेयर लगानीकर्तालाई १०.८१ प्रतिशत लाभांश दिने प्रस्ताव गरेको छ। बैंकले लगानीकर्तालाई आर्थिक वर्ष २०७६/०७७ को मुनाफाबाट १०.८१ प्रतिशत लाभांश दिने प्रस्ताव गरेको हो। बैंकले लगानीकर्तालाई १०.२६ प्रतिशत बोनस र कर त्यसको कर प्रयोजनको लागि ०.५४ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको हो। बैंकको उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकले स्वीकृत गरेर बैंकको आगामी साधारणसभाले पारित गरेपछि लगानीकर्ताले पाउने छन्।

# बैंक अफ काठमाण्डूका ग्राहकलाई श्री तिनाउ इन्टरनेशनल हस्पिटलमा २० प्रतिशत छुट

बैंक अफ काठमाण्डू लिमिटेडका ग्राहकलाई श्री तिनाउ इन्टरनेशनल हस्पिटलमा छुट दिने गरी सम्भौता भएको छ। बैंकका ग्राहकले डेबिट तथा




क्रेडिट कार्डको माध्यमबाट भुक्तानी गर्दा श्री तिनाउ इन्टरनेशनल हस्पिटलमा अधिकतम २०५ सम्मको छुट उपलब्ध गराउने गरी सम्झौता भएको हो।

उक्त सम्झौतामा बैंकका बुटवल शाखा कार्यालयका शाखा प्रबन्धक सरिता श्रेष्ठ र श्री तिनाउ इन्टरनेशनल हस्पिटल प्रा. लि., बुटवलका अध्यक्ष चिरञ्जिवी श्रेष्ठ जोशीले हस्ताक्षर गरेका हुन्। बैंक अफ काठमाण्डू लिमिटेडले ९१ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ।

# ग्लोबल आइएमई बैंकले बर्दियाको खैरापुरमा शुरु गर्यो शाखारहित बैंकिङ् सेवा

काठमाडौं। ग्लोबल आइएमई बैंकले बर्दियाको खैरापुरमा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ। यस शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २३९ पुगेको छ। बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नम्बर २, खैरापुरमा खोलिएको शाखारहित बैंकिङ्ग सेवाको उद्घाटन गुलरिया नगरपालिकाका मेयर मुक्तिनाथ यादवले गरे। उक्त शाखारहित बैंकिङ्ग सेवाको प्रतिनिधिको रुपमा साबित्रा खनाल र श्रीधर पोखरेललाई नियुक्त गरिएको छ।

शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानिय बासिन्दाले स्थानिय प्रतिनिधिमार्फत् बैंकिङ्ग सेवा लिन सक्नेछन्। यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, डिस होमरसीडीएमएरयूटीएलरएनटीसीको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्नेलगायतका सेवा लिन सक्नेछन्।

कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेको यी क्षेत्रका बासिन्दाले बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनको लागि ग्लोबल आइएमई बैंकले ति स्थानहरुमा शाखारहित बैंकिङ्ग सेवा शुरु गरेको छ। ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्याउने उद्देश्यले ७३ वटा जिल्लामा फैलिएको २६४ शाखा सञ्जालसहित २३९ एटीएम, ४७ एक्सटेन्सन काउण्टर तथा राजस्व संकलन काउण्टर, २३९ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालयमार्फत् आफ्ना २१ लाखभन्दा बढी ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ।

# मेगा बैंकले ल्यायो मेगा अभिभावक बचत खाता ब्याजदर ४.५५

काठमाडौं। मेगा बैंक नेपाल लिमिटेडले 'मेगा अभिभावक बचत खाता' नामक आकर्षक बचत योजना ल्याएको छ। बचतसँगै छोराछोरीहरुको भविष्य सुरक्षित र सुनिश्चित होस् भन्ने उद्देश्यले बैंकले 'मेगा अभिभावक बचत खाता' ल्याएको हो। न्यूनतम ५ सय रुपैंया बचत हुनुपर्ने यस खातामा ४.५ प्रतिशत ब्याज पाइनुका साथै विभिन्न आकर्षक सुविधा तथा छुटको पनि व्यवस्था गरिएको छ। यस योजनामा खातावाला अभिभावकको ५ लाख रुपैयाँको दुर्घटना बीमाको व्यवस्था गरिएको छ। यसैगरी, मोबाइल बैंकिङ, भिसा डेबिट कार्ड, चेकबुक र अनलाइन बैंकिङ सुविधा निशुल्क रुपमा उपलब्ध गराइने बैंकले जनाएको छ। यसका साथै, खातावाललाई डिम्याट खाता तथा सेयर लगानी सम्बन्धी बिभिन्न आकर्षक विशेष सुविधाहरु पनि यस योजनामा समेटिएका छन्। खाताबाट सिधै शैक्षिक शुल्क भुक्तानी गर्न सकिने ब्यवस्था पनि मिलाइएको छ। मेगा बैंकले ग्राहकलाई आकर्षक र नवीनतम सुविधाहरु प्रदान गर्दै आएको छ। मेगा बैंकका देशभरकै २ सय ६ वटै शाखा तथा ३४ वटा एक्सटेन्सन काउन्टरहरुबाट यस योजना अन्तर्गत खाता खोल्न सकिने मेगा बैंकले जनाएको छ।

# कार्ड बिना लक्ष्मी बैंकको एटिएमबाट पैसा निकाल्न सकिने

काठमाडौं। लक्ष्मी बैंकले कार्ड रहित एटिटिएम प्रविधि भित्र्याएको छ। बैंकले एटिएम कार्डको विकल्पको रुपमा एक नौलो प्रविधि नेपालमै पहिलो पटक भित्र्याएको हो।

बैंकको मोबाईल एप मा रहेको सुविधा प्रयोग गरेर ग्राहकले सजिलै एटिएमबाट




कार्ड बिना नै पैसा झिक्न सक्ने बैंकले जनाएको छ। डिजिटल बैंकिंग प्रविधि विस्तार गर्ने अभियानको क्रममा बैंकले ग्राहकको वालेटलाई पूर्ण रुपमा डिजिटल बनाउने तयारी गरिरहेको छ। ग्राहकले बैंकको मोबाइल बैंकिंग एप - मोबाइल मनि र आफ्नो मोबाइलमा इन्टरनेट साथै बैंकको सो सेवा सब्स्क्राइब गरेको हुनु पर्नेछ। आफ्नो मोबाइल मनिमा लगइन गर्ने बितिकै कार्डलेस विथ-ड्र भन्ने अप्सन देख्न सकिन्छ। यसमा क्लिक गरेर चाहेजतिको रकम हाल्नु पर्नेछ। त्यस पछि कन्फर्म गर्नका लागि आफ्नो एमपिन वा फिंगर प्रिन्ट स्क्यान गर्नु पर्नेछ। यति गरिसकेपछि आफ्नो फोनमा (मोबाईल मनि मा दर्ता भएको नम्बरमा) ओटिपि कोड एसएमएसको रुपमा प्राप्त गर्नु हुनेछ, जसलाई कारोबार नसके सम्म सुरक्षित राख्नुपर्ने हुन्छ तर प्राप्त भएको सो ओटिपि कोड केहि समय सम्मका लागि मात्र प्रयोग गर्न सकिनेछ।

## आर्थिक

# राष्ट्रिय वाणिज्य बैंक र राष्ट्रिय युवा परिषदबीच सम्झौता

काठमाडौं। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र राष्ट्रिय युवा परिषदबीच बिहीबार एक कार्यक्रमकाबीच काठमाडौंमा सम्झौता भएको छ। युवालाई उद्यमशीलताको मार्गदर्शन गराई उद्यमशीलताको विकास र वित्तीय साक्षरताको तालिम कार्यक्रम संचालन गर्ने सम्बन्धमा सम्झौता भएको हो। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र राष्ट्रिय युवा परिषदका कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेलले हस्ताक्षर गरे। सम्झौतापछि राष्ट्रिय युवा परिषद्ले प्रत्येक प्रदेशका पाँचवटा पालिकास्तमा जम्मा ३५ समूहमा १६ देखि ४० वर्षसम्मका युवाहरुलाई उद्यमशीलता विकासको लागि उद्यमशीलता




विकास र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाका लागि बैंकमा सिफारिस गर्नेछ। र, सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ। समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले उद्यमी बन्न चाहने युवा र बैंकबीचको खाडल यो सम्झौता पछी हट्ने बताउँदै लाखौ युवाहरु उत्पादनसँग जोडिई स्वारोजगार बन्ने बताए। राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष माधव ढुङ्गेलले यो तालिमले युवालाई व्यवसाय र सीप विकासको ज्ञान दिने हुँदा बैंकको कर्जा दुरुपयोग हुने जोखिम घट्ने बताए। कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल तथा राष्ट्रिय युवा परिषदका उपसचिव कमला ज्ञवालीले युवाहरुलाई यो कर्जाले उद्यमशीलताको विकास गर्न सहयोग पुग्ने बताए। कार्यक्रममा परिषद्का प्रशासकीय प्रमुख डा. बाबुराम ढुङ्गाना, बैंकका उपकार्यकारी अधिकृतद्वय सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, विभागीय प्रमुखहरु सरोज बस्नेत, राज्यलक्ष्मी खड्गी, युवा उद्यमी सञ्जालका संयोजक लोचन बस्नेतका साथै कर्मचारीहरुको उपस्थिती थियो।

# प्राइम कमर्शियल बैंकद्धारा लाभांश घोषणा

काठमाडौं। प्राइम कमर्शियल बैंक लिमिटेडले गत आर्थिक वर्षको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ। बैंकले हाल कायम चुक्ता पूँजीको १५ प्रतिशतका दरले हुन आउने रकम २ अर्ब ९ करोड ७७ लाख ८७ हजार ४२५ रुपैयाँ बराबरको बोनस शेयर वितरण गर्ने घोषणा गरेको हो। पुस ५ गते बसेको बैंकको सञ्चालक समितिको ४११ औं बैठकले सो दरमा लाभांश वितरण गर्ने निर्णय गरेको हो। नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपपश्चात आगामी वार्षिक साधारण सभाले पारित गरी सो लाभांश शेयरधनीहरुलाई वितरण गरिनेछ। हाल बैंकको चुक्ता पूँजी १३ अर्ब ९८ करोड ५२ लाख ४९ हजार ५०० रुपैयाँ छ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा, डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ।

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ।

# धरानमा स्वास्थ्य केन्द्र त छन् तर सेवाग्राही छैनन्

धरान । सरकारले हरेक स्थानीय तहमा शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्रलगायतका सेवा प्रदान गर्दै आएको छ । स्वास्थ्य विभागले निर्देशिका जारी गरेर शहरी विपन्न नागरिकका लागि निःशुल्क स्वास्थ्य सुविधा प्रदान गर्न स्थानीय तहलाई अख्तियारी प्रदान गरेको छ । विभागको निर्देशिका अनुसार राज्यको ठूलो रकम खर्च गरेर स्वास्थ्य केन्द्रहरु स्थापना भए पनि सरकारले शहरमा स्थापना गरेका यस्ता स्वास्थ्य केन्द्रमा उपचारका लागि सेवाग्राही नै जादैनन् ।

स्वास्थ्य सेवा विभागको निर्देशिका अनुसार धरान उपमहानगर पालिकाले शहरी विपन्न बस्तीलाई लक्ष्य गरेर स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएको भए पनि अधिकांश समुदाय उपमहानगरको स्वास्थ्य सेवाबारे बेखबर छन् । धरान उपमहानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख उमेश मेहताका अनुसार धरान उपमहानगरका वडा नं १, ५ र २० ले अधिकृतसहितका स्वास्थ्यकर्मी राखेर सेवा दिँदै आएका छन् । वडा नं १७ मा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा एमविविएस दरवन्दीमार्फत् नै सेवा दिँदै आइएको छ । यस्तै धरान-१५ नं वडामा एचए, स्टाफ नर्स र अनमीसहितको सेवा रहेको छ । यीबाहेक हरेक वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने सरकारको लक्ष्यअनुसार धरानका १२ वटा वडामा थप स्वास्थ्य केन्द्र सञ्चालन गर्दै आएको छ । तर शहरका नागरिकहरु भने सामान्य चोटपटक लाग्दा होस् या गम्भीर प्रकृतिको बिरामीको सङ्केत देखिँदा पनि निजी क्लिनिक र महङ्गो अस्पताल जान्छन्, यी केन्द्रमा सेवा लिन आउँदैनन् ।

केही दिनअघि आफ्नो पाँच वर्षीय छोराको खुट्टामा सामान्य चोट लागेपछि स्थानीय विजयपुर अस्पताल पुगेकी धरान-१५ की इन्दिरा राईलाई घर नजिकै निःशुल्क स्वास्थ्य क्लिनिक छ भन्ने कुरा थाहासमेत रहेनछ । खुट्टामा सामान्य ड्रेसिङ र 'ब्यान्डिज' गर्दा र आउने जाने खर्चसमेत गर्दा एक हजार रुपैयाँभन्दा बढी खर्च भयो । उहाँको घर नजिकै खोरियाबस्तीमा रहेको शहरी स्वास्थ्य केन्द्रमा यो सेवा निःशुल्करुपमै उपलब्ध छ । उहाँको टोलमा अधिकृतस्तरको स्वास्थ्यकर्मी सहितले यो स्वास्थ्य सेवा निःशुल्करुपमै दिने गरेको छन् । यो कुरा उहाँले पछिमात्र थाहा पाएको बताउनुभयो । विद्यालयको भवनमा सञ्चालन भइरहेको स्वास्थ्य केन्द्र आफ्नै भवनबाट सेवा दिनका लागि आयोजना गरिएको उद्घाटन कार्यक्रममा पुग्दामात्र उहाँलाई आफ्नै आँगनमा ४७ थरी औषधिसहितको सेवा पाइने थाहा भयो ।

उहाँ जस्तै धरान-१७ का तीर्थ खड्का पनि सरकारी स्वास्थ्य सेवाबारे बेखबर हुनुहुन्छ । उहाँको घर नजिकै स्वास्थ्य केन्द्र भए पनि छोराछोरीलाई सामान्य बिरामी हुँदा धरान-१८ मा रहेको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुग्ने गर्नुभएको उहाँ बताउनुहुन्छ । पहाड भोजपुरका गाउँमा त स्वास्थ्य चौकी थिए, यता पनि सरकारी स्वास्थ्य सेवा भएको मलाई थाहा छैन, उहाँले भन्नुभयो, बिरामी हुँदा कि औषधि पसल कि त बिपी प्रतिष्ठान नै जान्छौँ । इन्दिरा र तीर्थजस्तै शहरमा बस्ने प्रायः सामान्य बिमारमा पनि निजी क्लिनिक नै धाउने गरेका छन् । आफ्नै वडामा भएको स्वास्थ्य सेवाबारे उनीहरुलाई थाहा छैन । थाहा हुनेलाई पनि निःशुल्क सेवा पाइन्छ र उपचार पाइन्छ भन्ने विश्वास छैन ।

धरानका वडा नं ८, ११, १४, १५, १६, १७ लगायतमा सामान्यतया विपन्न परिवारको बसोबास रहेको छ । यिनै बस्तीलाई लक्षित गरी उपमहानगर पालिकाले शहरी स्वास्थ्य केन्द्र, प्रसुती गृह र मातृशिशु स्वास्थ केन्द्रहरु सञ्चालनमा ल्याएको छ । धरानका विभिन्न आठ स्थानमा क्लिनिक सञ्चालन गर्दै आएको छ । स्वस्थ्य विभागले विभिन्न ४५ किसिमका औषधि उपलब्ध गराउँदै आएको छ । पारासिटामोल, मेट्रोन, डायजिन, वि-कम्प्लेस, एन्टी एलर्जी, आइरन चक्की, अस्थायी परिवार नियोजनका साधानहरु, क्षयरोग, रेविज भ्याक्सिन, कुष्ठरोग लगायतका रोगका औषधि उपलब्ध हुँदै आएको छ । उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख मेहताका अनुसार जिल्ला जनस्वस्थ्य कार्यालयबाट ७० प्रकारका औषधि, प्राथामिक स्वास्थ्य केन्द्रबाट ५८ प्रकार, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रबाट ४५/४५ प्रकारका औषधि निःशुल्क उपलब्ध हुँदै आएको छ । शहरी स्वास्थ्य केन्द्र धरान-१५ नं वडा, १७ र १ नं वडामा रहेको बर्थिङ सेन्टरबाट सुरक्षित तवरबाट सुत्केरी गराउने सेवा पनि उपलब्ध छ ।

यो सुविधा भए पनि एक दुई जनाबाहेक गर्भवती जाँच गराउन यहाँ कोही पुग्दैनन् । परिवार नियोजनका अस्थायी साधान लिन एकाध व्यक्ति आए पनि सुत्केरी गराउन अहिलेसम्म कोही नआएको धरान-१५ स्थित शहरी स्वास्थ्य केन्द्रका प्रमुख स्वास्थ्यकर्मी सरोज बाँस्तोला बताउनुहुन्छ । पैसा तिरेर मात्र रोग निको हुने निःशुल्क उपचार र सेवाप्रति शहरीयालाई अझै चेतना भएको छैन । एचए, स्टाफ नर्स र अनमीसहितको सेवा हामीले दिइरहेका छौँ तर सेवा लिन त्यति आउँदैनन, प्रमुख बाँस्तोलाले भन्नुभयो । मातृ तथा शिशुजन्य रोगको रोकथाम गर्ने, मातृ मृत्युदरमा कमी ल्याउन, शहरी युवा युवतीको प्रजनन स्वास्थ्य स्थितिलाई बढाउने र नवजात शिशुको मृत्यु दर र गर्भावस्थामा देखिने समस्या समाधान गर्न खोलिएका सरकारी स्वास्थ्य केन्द्रबारे प्रचारप्रसार गर्नुपर्ने अवस्था आएको नेकपा प्रदेश कमिटी सदस्य तथा स्थानीयवासी आइन्द्रविक्रम बेघा बताउनुहुन्छ ।

यी सेवाकेन्द्रबाट गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण, भिटामिन आइरन चक्की जस्ता औषधि निःशुल्क वितरण हुँदै आएका छन् । बालबालिकाका लागि नियमित खोप, बच्चाको तौल लिने तथा महिलाहरुलाई परिवार नियोजन सम्बन्धी अस्थायी साधन वितरण गर्ने सेवा प्रदान भई आएको छ । धरान उपमहानगर पालिकाको दीर्घकालीन सोचमध्ये धरानलाई स्वास्थ्य उपचारका लागि पूर्वाधारयुक्त शहर बनाउने र गरीब तथा पिछडिएका र अशिक्षित शहरीयाका लागि यस्तो सेवा प्रदान गर्दै आएको उपप्रमुख मञ्जु भण्डारी बताउनुहुन्छ ।

हामीले गरीब र पिछडिएका बसोबास गर्ने बस्ती विभिन्न वडामा मातृशिशु स्वास्थ्य क्लिनिकको सञ्चालन गर्दै आएका छौँ, उपप्रमुख भण्डारीले भन्नुभयो, प्रायः सबै प्रकारका औषधि र प्राथमिक उपचार प्रदान गर्दै आएको भए पनि निःशुल्क सेवाप्रति सेवाग्राहीले चासो दिनुभएको छैन । सामान्य बिमारका लागि ठूलो अस्पतालमा भीड नगरौँ, वडामै भएको सरकारी स्वास्थ्य केन्द्रबाट परामर्श र स्वास्थ्य सेवा लिन म अनुरोध गर्दछु ।

उपमहानगरपालिकाले शहरी सामुदायिक स्वास्थ्य केन्द्रका रुपमा विकास गरेको छ । विसं २०६२ मा शहरी सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन निर्देशिका नै जारी गरी व्यवस्थित तवरले सञ्चालन गर्दै आएको छ । यहाँ सङ्घीय सरकारले पनि २०७२ सालमा शहरी स्वास्थ्य नीति बनाएर सबै स्थानीय तहमा स्वास्थ्य सेवा पुऱ्याउन पहल गरिरहेको छ ।

सरकारले धरानका लागि मात्र शहरीया जनताका लागि वार्षिक लगभग दुई करोड ५० लाख स्वास्थ्यका कर्मचारीका लागि खर्च गर्दै आएको छ । सरकारले यत्रो लगानी शहरका जनताका लागि गरेको भए पनि बजारमा जताततै खुलेका क्लिनिकमा शहरीयाहरु खर्च गर्छन् । राज्यले प्रदान गरेको निःशुल्क सेवा लिन स्थानीय हिच्किचाउने गरेको स्वास्थ्यकर्मी बताउँछन् ।

शहरीयाको मानसिकतामा परिवर्तन हुन सकेको छैन, धरान-१५ का वडाध्यक्ष नरेसकुमार इवरामले भन्नुभयो, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्र गरेर वडामा दुई वटा केन्द्रबाट स्तरीय सेवा प्रदान गरिँदै आएको छ । तर मानिस निजी क्लिनिकलाई धनी बनाउँछन् । सरकारले सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन ल्याएको नीतिलाई सफल र प्रभावकारी बनाउन सबै लागि पर्नुपर्ने उहाँ बताउनुहुन्छ ।

यी केन्द्रमा करीब ४५ थरी औषधि उपलब्ध छन् भने प्राथमिक उपचारका लागि खर्च लाग्दैन । तर यो सुविधा लिन उपमहानगरले सञ्चालन गरेका केन्द्रमा उपस्थिति कम पाइएको छ । धरान-१ मा सञ्चालनमा आएको बर्थिङ सेन्टरमा आउने गर्भवतीलाई निःशुल्क प्रसूति सेवासँगै रु एक हजार भत्ता पनि दिने गरिएको छ । गर्र्भवती जाँचमा आउने महिलालाई रु ४०० भत्ता दिइँदै आइएको छ । तर अघिल्लो वर्षको तथ्याङ्क हेर्ने हो भने २९ जनाले मात्र यस्तो सेवा लिएको मेहता बताउनुहुन्छ । उहाँका अनुसार यहाँको बिपी प्रतिष्ठानमा समेत विश्वास नभएर ३० प्रतिशत धराने विराटनगर गएर सेवा लिएकोसमेत पाइएको मेहताले बताउनुभयो । जटिल होस् या सामान्य स्वास्थ्य सेवाका लागि नागरिकले नजिकको उपचार केन्द्र या अस्पतालभन्दा पनि टाढाको र महङ्गो सेवा प्रभावकारी हुने मानसिकता उनीहरुमा रहेको देखिन्छ ।

धरान उपमहानगर पालिकामा करीब ३०/३५ हजार सुकुम्बासीको बसोबास रहेको छ । धरानको एक लाख ४९ हजार जनसङ्ख्यामध्ये ३५ प्रतिशत विपन्न परिवारका रहेको आँकलन गरिएको छ । विपन्नताका कारण उनीहरु महङ्गो स्वास्थ्य सेवा लिन नसक्ने भएकाले शहरी स्वास्थ्य केन्द्र नै उपयुक्त हो ।

तर सबै विपन्न परिवारसम्म यो सुविधाबारेको सूचना नपुगेको स्थानीय बताउँछन् । सरकारले वार्षिक अढाई करोड रुपैयाँभन्दा बढी खर्च गरेर दिँदै आएको सेवा लिनका लागि उपमहानगरले महिला स्वास्थ्य स्वयंसेवीहरु मार्फत् यो सेवाको प्रचार गर्नु जरुरी छ । आफ्नो आँगनमै उपलब्ध यो सेवा धरानजस्तो शहरकै नागरिकले पनि नपाएका हुन् भने यसको प्रचार गरी उनीहरुलाई थाहा दिनु आवश्यक छ ।


नेपाल आयल निगम लिमिटेडको

खाना पकाउने एल.पी.ग्यास प्रयोगकर्ताहरुलाई

सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरूः

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गारैं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ वर्षमा ग्यासको पाइप फेरौं ।

३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरूः

५. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिर्खा गन्ध आइरहेको छ भने ग्याँस लिंक भइरहेको छ भन्ने बुझ्नु पर्दछ ग्याँस लिंक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव (knob )बन्द गरौं ।

६. ग्याँस हावाभन्दा गह्रौ हुने भएकोले भूईमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर। धुप आदि नबालौं र बिजुली बत्तीलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।

७. ग्याँस लिंक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगीलाई

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**


# रामेछाप डायरी

## रामेछाप नगरपालिकाका २४ जना कृषकलाई पशुको बीमा रकम प्रदान

एक घर एक पशु बीमा कार्यक्रम मार्फत पशुको बीमा गराएका रामेछाप नगरपालिकाका २४ जना कृषकले आफ्नो क्षती भएको पशुको बीमा गराए वापतको रकम प्राप्त गरेका छन । रामेछाप नगरपालिकाका प्रमुख नर बहादुर थापा मगरले कृषकहरुलाई बीमा वापतको रकम प्रदान गर्नुभएको छ । वडा नम्बर ७ का ४ जना,वडा नम्बर ८ का १३ जना र वडा नम्बर ९ का ७ जना कृषकहरुलाई विमा रकम बराबरको चेक हस्तान्तरण गरिएको छ । नगरपालिकाका किसानहरुलाई फाईदा पुग्ने गरी नगरपालिकाले एक घर एक पशु बीमा कार्यक्रम अभियानकै रुपमा सन्चालन गरेको नगर प्रमुख थापा मगरले बताउनुभयो । साथै नगरपालिकाले नगरभरीका ४० हजार नागरीकहरुकै स्वास्थ्य बीमा गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । किसानका लागि पशुधनको सुरक्षाको दृष्टीले राम्रो मानिने पशु बीमा कार्यक्रम पछिल्लो समय रामेछाप जिल्लाको रामेछाप नगरपालिकामा प्रभावकारी बन्दै गएको छ । रामेछाप नगरपालिकाले एक घर एक पशु बीमा कार्यक्रम सन्चालन गरेको छ । सौंह कार्यक्रम अन्तर्गत नगरका सबै वडाहरुमा पशु बीमा कार्यक्रम लागु हुनेछ । ९ वटा वडाहरु रहेको नगरपालिकाका ५ वडा वडाहरुमा एक घर एक पशु बीमा कार्यक्रम सन्चालन भईसकेको छ भने अब बाँकी रहेका ४ वटा वडाहरुमा पनि कार्यक्रम सन्चालन गरिनेछ ।

## रामेछापका ३३ हजार भन्दा बढी नागरिक स्वास्थ्य बिमाको पहुँचमा

रामेछाप जिल्लाका ३३ हजार ६०० नागरिक स्वास्थ्य बिमाको पहुँचमा पुगेका छन् । जिल्लामा हालसम्म १५ हजार ६३७ जना पुरुष र १७ हजार ३६९ जना महिलाले स्वास्थ्य स्वास्थ्य बिमा गराएको स्वास्थ्य बिमा बोर्ड रामेछापका दर्ता अधिकारी यज्ञराज ढुंगेलले जानकारी दिनुभयो । दर्ता अधिकारी ढुंगेलका अनुसार हालसम्म जिल्लाको मन्थली नगरपालिकाका १० हजार ८३८ जना , सुनपाति गाउँपालिकाका ६ हजार ४३० जना , रामेछाप नगरपालिकाका ३ हजार चारजना , लिखुतामाकोशी गाउँपालिकाका २ हजार २१७ जना, गोकुलगंगा गाउँपालिकाका २ हजार ४२८ जना, उमाकुण्ड गाउँपालिकाका २ हजार ४९ जना र खाँडादेवी गाउँपालिकाका २ हजार ८५९ जना नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएका छन् । जिल्लाका ६ हजार बढी बिपन्न परिवार निशुल्क स्वास्थ्य बिमाको पहुँचमा पुगेका छन् । स्वास्थ्य बिमा बोर्डका अनुसार जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भएयता छ हजार १५ बिपन्न परिवारले निशुल्क स्वास्थ्य बिमा गराएका छन् । हालसम्म चार हजार ५६० जना ७० वर्ष नाघेका जेष्ठ नागरिक , एक हजार ३९० अति गरीब परिवार र ६५ जना पुर्ण अशक्त परिवारले निशुल्क स्वास्थ्य बिमा गरिएको स्वास्थ्य बिमा बोर्ड रामेछापका दर्ता अधिकारी ुंगेलले बताउनुभयो । स्वास्थ्य बिमा बोर्डले जिल्लाका आठवटै पालिकाको ६४ वटै वडामा दर्ता सहयोगि मार्फत स्वास्थ्य बिमा गर्ने कार्य भैरहेको छ । पाँचजना सम्मको परिवारले वार्षीक ३५ सय रुपैया तिरे पछि एक वर्षका लागि रु एक लाख सम्मको स्वास्थ्य सेवा लिन पाउने स्वास्थ्य बिमा बोडको निमावली उल्लेख छ । पाँचजना भन्दा बढी सदस्य भएका परिवारले प्रति ब्यक्ति सातसय रुपियाँ तिरेपछि स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन पाउँछन् । रामेछापमा २०७४ पौष २६ गते बाट स्वास्थ्य बिमा कार्यक्रम गरिएको थियो ।

## राम्छाप रामपुरकी ८७ वर्षीया शक्तिमायाँलाई घरमै पुगेर नागरिक्ता प्रदान

रामेछापको रामेछाप नगरपालिका वडा नम्बर ५ रामपुर निवासी ८७ वर्षीया शक्ति मायाँ तामाङले ८७ वर्षको उमेरमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुभएको छ । रामेछापका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले आज उहाँको घरमै पुगेर उहाँलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नुभएको हो । परिवारका कोही पनि सदस्य नभएका कारण एक्लै बस्दै आउनुभएकी उहाँले नागरिकता नपाएको जानकारी वडा नम्बर ५ का वडाअध्यक्ष भिम बहादुर तामाङ मार्फत रामेछाप प्रशासनले पाएको थियो । नागरीकताका लागी आवश्यक कागजात जुटाएर उहाँको घरमै पुगेर नागरिकता प्रदान गरिएको हो । वडाअध्यक्ष तामाङले आवश्यक कागजातसहित प्रशासनमा सिफारिस गरेपछि नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी शर्माले बताउनुभयो । जिल्लामा नागरीकता पाउनबाट बन्चित कोहि भए प्रशासन कार्यालयमा सम्पर्क गर्न उहाँले आग्रह गर्नुभएको छ । नागरिकताको प्रमाणपत्र नहुँदा ८७ वर्षिय वृद्धले हालसम्म ज्येष्ठ नागरिक सुरक्षा भत्ता प्राप्त गर्न सक्नुभएको थिएन । सानो झुप्रो घरमा एक्लै बस्दै आईरहनुभएका वृद्ध शक्तिमायाँको अवस्था निकै दयनिय छ । वृद्ध शक्तिमायाँले नगरीकता पाएसँगै अब ज्येष्ठ नागरिक सुरक्षा भत्ताका लागि आवश्यक प्रक्रिया अगाडी बढेको वडाअध्यक्ष तामाङले बताउनुभयो । नागरिकताको प्रमाणपत्रसँगै रामेछाप प्रशासनले केहि महिनाका लागि पुग्ने चामल र न्यानो कपडासमेत उपलब्ध गराउने जिल्ला प्रशासन कार्यालय रामेछापका नायक सुब्बा लक्षमण भुजेलले जानकारी दिनुभयो ।

## खाँडादेवी गाउँपालिकामा पहिलो पटक गाउँगाउँमा अप्टिकल फाइबरबाट इन्टरनेट

रामेछाप । खाँडादेवी गाउँपालिकाले निर्वाचनमा गरेको प्रतिबद्धता अनुसार गाउँपालिकाको केन्द्रसम्म अप्टिकल फाइबर बिछ्राएर इन्टरनेट सञ्चालनमा ल्याएको छ । बिपी राजमार्ग हुँदै हाल कालोपत्रे भइरहेको सित्खा-भिरपानी गोगनपानी सडक हुँदै गाउँपालिको केन्द्र माकादुमसम्म फाइबर बिछ्राएर इन्टरनेट सञ्चालनमा ल्याएको हो । खाँडादेवी गाउँपालिकाले गत बर्ष १२ लाख रुपैयाँमा फाइबर बिछ्याउन बजेट विनियोजन गरेको थियो । जिल्लाको मन्थली नगरपालिकापछि फाइबरबाट इन्टरनेट सञ्चालन गर्ने खाँडादेवी गाउँपालिका दोस्रो बनेको छ । गाउँपालिकाको पहलमा फाइबर बिछ्याउने काम सम्पन्न भएसँगै गाउँगाउँमा गुणस्तरीय इन्टरनेटको सुविधा भएको छ ।

## रामेछापको नयाँ प्रजिअमा रामेछाप निवासी शर्मा

रामेछाप । रामेछापका नयाँ प्रमुख जिल्ला अधिकारीमा रामेछाप निवासी अर्जुन कुमार शर्मा (गुरागाइं) आउने भएका छन् । रामेछापका प्रजिअ रुद्रादेवी शर्माको सरुवा भएसगै नया प्रजिअमा शर्मा आउने भएका हुन् । शर्मा पाँचथर जिल्लाको प्रजिअको रुपमा कार्यरत रहेका थिए । यस पटक रामेछाप आउने शर्मा गृह जिल्ला रामेछापकै रहेका छन् । उमाकुण्ड गाउँपालिका-३ निवासी शर्मा सह सचिव हुन् ।

# निजगढ विमानस्थलको मुआब्जा वितरण

बारामा निर्माण हुन लागेको अन्तरराष्ट्रिय विमानस्थल क्षेत्रमा परेको जग्गामध्ये हालसम्म १४४ जग्गा धनीलाई रु ४४ करोड मुआब्जा वितरण गरिएको छ। निजगढ विमानस्थल निर्माण क्षेत्रमा रहेको ११० बिघा तीन कट्ठा जग्गामध्ये हालसम्म नेपाल उड्डयन प्राधिकरणले रु ४४ करोड मुआब्जा दिएर हालसम्म ६५ बिघा तीन कट्ठा १२ धुर जग्गा आफ्नो नाउँमा फिर्ता लिइसकिएको छ।

देशमा कोरोना सङ्क्रमणका कारण नापी तथा मालपोत कार्यालय लामो समयदेखि बन्द रहेकाले मुआब्जा वितरण प्रभावित भए पनि अहिले सो मुआब्जा वितरण भइरहेको दोस्रो विमानस्थल आयोजना कार्यालय सिमराले जनाएको छ।

मुआब्जा लिन बाँकी रहेका जग्गाधनीसँग निवेदन लिने कार्य भइरहेको विमानस्थल आयोजनाका निमित्त प्रमुख विजय यादवले राससलाई बताउनुभयो।

मुआब्जा वितरण कार्यअन्तर्गत मुख्य सडकसँग जोडिएको जग्गाको प्रतिकट्ठा चार लाख ६० हजार, भित्री सडकसँग जोडिएको जग्गाको प्रतिकट्ठा दुई लाख ४९ हजार २५० र बाटो नभएको जग्गाको प्रतिकट्ठा दुई लाख चार हजार १५० रुपैयाँका दरले जग्गा धनीलाई मुआब्जा दिने गरेको बताइएको छ।

तटबन्ध, मुआब्जा, नदी नियन्त्रण कार्य, विमानस्थल क्षेत्रमा जग्गाको तारबार पसहा तथा दशैया खोलामा तटबन्धलगायतका काममा हालसम्म ८० करोड रुपैयाँ खर्च भइसकेको छ। पाँच वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिएको सो आयोजनाले हालसम्म पूर्व तयारीको काम मात्र गर्न सकेको भए पनि मुख्य काम भने शुरु गर्न नसकिएको बताइएको छ।

सङ्घीय सरकारको प्राथमिकतामा रहेको सो आयोजनाको धावनमार्ग निर्माण हुने मध्य भागमा टाँगिया बस्ती रहेकाले सो बस्तीलाई अन्य ठाउँमा हस्तान्तरणका लागि सरकारले वैकल्पिक स्थानको पहिचान र अध्ययन गरिरहेको छ। यसैबीच सो विमानस्थल निर्माणका क्रममा एक हजार ९०० हेक्टर क्षेत्रफललाई १२ वटा कार्य क्षेत्रमा विभाजन गरी वन क्षेत्रभित्र रहेको रुख र विद्युतीय खम्बाको गणना शुरु गरेको छ। पहिलो चरणमा डिभिजन वन कार्यालय बाराले २०० हेक्टर क्षेत्रफलमा रहेको ५७ हजार ३५० वटा खम्बा र रुख काट्नुपर्ने बताइएको छ। वन क्षेत्रभित्र ६० प्रतिशत विद्युतीय खम्बा र ४० प्रतिशत रुख काट्नुपर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

सोसम्बन्धी कार्य तीव्र गतिमा भइरहेको विमानस्थल आयोजना कार्यालय सिमराले जनाएको छ।

नेपाल टेलिकम GSM सेवाको आकर्षक
DATA / VOICE प्याकेज खरिद गर्नको लागि
*1415#
डायल गर्नुहोस्।
राष्ट्रको सञ्चार
नेपाल टेलिकम
www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

जात, जातिका आधारमा जातीय सर्वोच्चता वा घृणाका आधारमा आधारित विचारको प्रचार/प्रसार गर्ने, कुनै पनि व्यक्तिलाई श्रममा लगाउन इन्कार गर्ने, श्रमबाट निष्काशन गर्ने, अपमानजनक शब्द प्रयोग गर्ने वा गर्न गराउनबाट उक्साउने कार्य समेत गर्नु गराउनु हुँदैन। त्यस्ता कार्य भए गरेमा कानुनले तोके बमोजिमको दण्ड सजाय हुने छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### यूरोपेली केही मुलुकले कोभिड–१९ संक्रमण नियन्त्रणका लागि पुनः लकडाउन घोषणा

विश्व समुदायले कोभिड-१९ विरुद्धको खोप विकास र परीक्षणका नतिजाहरू सार्वजनिक भइरहेका समय महामारी पुनः फैलिन थालेको भन्दै यूरोपका अधिकांश मुलुकहरूले लकडाउनको योजना सार्वजनिक गरेका छन्।

केही साता यता बेलायतमा बढ्दै गएको कोरोना भाइरसको संक्रमणलाई कम गर्नका लागि यो समयमा लकडाउन गर्नु परेको बेलायती अधिकारीहरूले बताएका छन्। बेलायतमा कोरोना भाइरसको खोप लगाउने प्रक्रिया चलिरहँदा पनि यसको प्रभावलाई कम गर्न लकडाउनको विकल्प नभएको विशेषज्ञहरुले सुझाब दिएपछि यूरोपेली मुलुकहरूले उक्त विकल्प रोजेका हुन्। बेलायतले महामारी नियनत्रणका लागि चौथो चरणको प्रतिबन्धात्मक नियमहरू जारी गरेको छ। कोरोना भाइरसको तेश्रो लहर शुरु भएको अष्ट्रेलियाको भिक्टोरिया राज्य र सिड्नी शहरमा कोरोना नियन्त्रणका लागि सीमा नाका बन्द गरिएको छ। सिड्नीको उत्तरी क्षेत्रमा कोरोना संक्रमितहरुको दर बड्दै गएपछि भिक्टोरियाको क्षेत्रीय प्रसासनले सीमा नाका बन्द गर्ने र सर्वसाधारणलाई १४ दिन बाहिर निस्कन नदिने निर्णय गरेको हो।

यसैगरी कोभिड-१९ बाट बढी प्रभावितमध्येको अर्को यूरोपेली मुलुक इटलीमा पनि सोमबारदेखि १५ दिनसम्म महामारी नियन्त्रणका विभिन्न उपायलाई सक्रिय गरिएको छ। अङ्ग्रेजी नयाँ वर्ष र क्रिश्चियन धर्मावलम्बीहरूको प्रमुख चाडलाई महत्व दिइने ती मुलुकहरूमा पर्व र नयाँ वर्षका समय ठूला जमघट र आवागमन हुने सम्भावना रहेको भन्दै यूरोपेली अन्य मुलुकहरूले पनि महामारी नियनत्रणका विभिन्न उपायलाई अवलम्बन गर्ने बताएका छन्।

### अफगानी सुरक्षाकारबाहीमा ७४ वि्रोहीको मृत्यु

अफगानिस्तानको सुरक्षाकर्मीले तालिवान विद्रोहीको आधार क्षेत्र मानिने कान्दाहारमा गरेको सुरक्षा कारबाहीमा कम्तीमा ७४ विद्रोहीको मृत्यु भएको अफगानिस्तानको रक्षा मन्त्रालयले आइतबार जानकारी गराएको छ।

अमेरिकी प्रतिनिधिले तालीवानी समूहसँग अफगानिस्तानको शान्तिका लागि गरेको सम्झौतापछि केही मत्थर बनेको द्वन्द्व सरकार र विद्रोहीले आफ्नो प्रभाव देखाउन गरेका आक्रमण र प्रत्याक्रमका कारण थप सक्रिय देखिँदा सम्झौताबाट आशावादी बनेको विश्व समुदाय चिन्तित बनेको छ।

रक्षामन्त्रालयले ट्वीटरमार्फत् जारी सूचनामा भनिएको छ, कान्दाहारको झेरिया, दाँद, पञ्ज्वाव र अर्गान्दाब जिल्लाहरूमा विगत २४ घण्टामा गरिएका कार्बाहीमा ७४ तालीवान लडाकूको मृत्यु भएको छ।

सरकारी सेनाको नियन्त्रणमा रहेको भूभागमा विद्रोहीले आक्रमणको तयारी थालेको आरोप लगाउँदै सेनाले सुरु गरेको कार्बाहीका क्रममा उनीहरूको मृत्यु भएको मन्त्रालयले जनाएको छ। कार्बाहीका क्रममा विद्रोही समूहबाट ठूलो सङ्ख्यामा हतियार तथा बन्दोबस्तीका सामान नियन्त्रणमा लिएको सरकारी अधिकारीले दावी गरेका छन्। कान्दाहारमा हालैका दिनमा भीषण झडप भएका र यसका कारण अघिल्लो साता मात्र ८२ व्यक्तिको मृत्यु भएको थियो।

### नाइजेरियामा करिब ८० विद्यार्थी अपहरणमुक्त

नाइजेरियाको उत्तरी राज्य कात्सिनामा सशस्त्र डाँकुहरूसँगको झडपपछि कम्तीमा ८० विद्यार्थीलाई अपहरणमुक्त गरेको नाइजेसरियाली प्रहरीले आइतबार जनाएको छ। शनिबार एक धार्मिक समारोहमा सहभागी भएर फर्किने क्रममा बन्दूकधारी एक समूहले उनीहरूलाई अपहरण गरी लगेको कात्सिना राज्यका प्रहरी प्रवक्ता ग्याम्बो आइसाले बताउनुभयो। स्थानीयले प्रहरीको सहयोगमा आफ्ना बावुनानीहरूलाई छुटाउन फुलानी समुदायको एक वस्तीमा नियन्त्रण लिई आफ्ना बालबालिकालाई केही भएमा फुलानी समुदायमाथी धावा बोल्ने बताएपछि अपहरणकारी उक्त समूहले सबै विदार्थीलाई छोड्न बाध्य बनेका थिए। अपहरणमा परेका सबै विदार्थीहरू धार्मिक कार्यक्रममा सहभागी भई माहुता गाउँमा फर्किंने क्रममा अपहरणमा परेका थिए। शनिबार अपहरणमा परेकामध्ये अहिलेसम्म परिवारको सम्पर्कमा आएका छात्रछात्राको सङ्ख्या आइतबार साँझसम्म ११३ पुगेको छ। नाइजेरियामा विभिन्न समूहले स्थानीय बालबालिका तथा वयस्क व्यक्तिलाई अपहरण गर्ने र आफू अनुकुल हिडाउँने अभ्यास नौला भने होइनन्।

नाइजेरियामा अपहरणमा परेका ३४४ जना विद्यार्थीलाई छ दिन पछि फर्काएको ठीक ४८ घण्टामा अर्को अपहरणको घटना भएको हो। उनीहरू अघिल्लो हप्ता अपहरणमा परेका थिए। उनीहरूको अपहरणमा नाइजेरियाली जिहादी समूह बोको हरामको सम्लग्नता रहेको भनी उक्त समूहले जिम्मेवारी लिएको थियो।

### डच सरकारद्वारा बेलायतका उडानमा प्रतिबन्ध

डच सरकारले बेलायतबाट आउने हवाई उडानमाथि प्रतिबन्ध लगाएको बताइएको छ। बेलायतबाट हुने उडानमा आइतबार देखि नै प्रतिबन्ध लगाइएको यहाँको सरकारले विज्ञप्तिमार्फत जानकारी गराएको छ। बेलायतबाट आएको उडानमा रहेका एकजना व्यक्तिमा हालैमात्र कोरोना भाइरसको जिवाणु पाइएको भन्दै यस उडानमा प्रतिबन्ध लगाएको बताइएको हो। बेलायतले पनि सबै नागरिकलाई घरमै बस्न आदेश दिएको छ। बेलायत सरकारले आगामी क्रिसमस तथा नयाँ वर्षका अवसरमा धेरै भिडभाड हुनसक्ने सम्भावना रहेकोले नागरिकलाई घरबाट ननिस्कन भनेको छ।

ब्रिटिस सरकारको यो आदेश आएको भोलिपल्टै आइतबार मात्र डच सरकारले पनि यो यात्रा प्रतिबन्ध लगाएको समाचार आएको छ। बेलायतमा आगामी क्रिस्मसमा र नयाँ वर्षमा दिइएको विदाका समयमा नागरिकहरुले विदा मनाउन ठूलो संख्यामा जम्मा हुनसक्ने भएकोले यसमाथि प्रतिबन्ध लगाएको बुझिएको छ। आइतबारबाट लगाइएको यो उडान प्रतिबन्ध डच सरकारले आगामी जनवरी १ सम्मका लागि भनी घोषणा गरेको छ। डच स्वास्थ्य मन्त्रालयले प्रकाशन गरेको विज्ञिप्तिमा बेलायतमा पछिल्लो समयमा निकै ठूलो संख्यामा कोरोना भाइरसका संक्रमितहरु बढ्दै गएको र यो क्रम जारी नै रहेमा आगामी नयाँ वर्षका अवसरमा हुने जमघटहरुमा झनै बढ्न सक्ने बताएको छ। यसैले पनि डच सरकारले बेलायतबाट हुनसक्ने कोरोनाको संक्रमणलाई देशमा जति सक्दो धेरै मात्रामा कम गर्ने र उताबाट आउने नागरिकलाई देशभित्र घुलमिल हुन नदिने नीति डच सरकारले लिएको पनि बताइएको छ।

डच सरकारले पनि आफ्ना नागरिकलाई निकै नै आवश्यक काम नपर्दासम्म बेलायतको भ्रमण नगर्न भनेको छ।

# कृषि पेशालाई उद्योगको रुपमा लानुपर्छ

नेपाल कृषि प्रधान देश यहि देशका जनताहरू बार्षिक झण्डै ७०/८० अर्वको कृषि सामग्री विदेशवाट आयत गरेर खान्छौ । यो निक्कै दुःखको बिषय हो । नेपालको किसानका छोराछोरी रोजगारीको निम्ति विदेशमा मात्र झण्डै ५० लाख जनसंख्या मजदुरको रूपमा काम गर्न गएका छन् ।

यस्तो ट्रेन्ड बनेको बेला नेपाल देशमा गोवर श्वरेर पनि आफनै देशमा आत्मनिर्भर हुन सकिन्छ भन्ने कर्मशील मानिसहरू पनि छन् । जुन मानिसहरूले नेपालको कृषि क्षेत्रमा सम्भावना नै सम्भावना देखेका छन् । त्यसमध्य २०२५ सालमा मोरङको लेटाङमा जन्मेर हुर्की एस.एल. सि.पास गरेका कुल बहादुर सुब्बा एक उदारण बनेका छन् । नेपालको कृषि क्षेत्रमा टेवा पुऱ्याउन उनले २०६२ सालमा ३५ हजार रूपैयावाट पोल्टी फाम शुरू गरेका सुब्बाले यतिवेला काठमाडौको टोखा नगरपालिका ४ मा गाई, टर्की, लोकल कुखुरा पालेर झण्डै करोडौको लगानी गरी १२ जना मानिसहरूलाई रोगजार दिईरहेका छन् ।

उनले नेपाल घरेलु उधोगमा सुब्बा आग्रानिक तरकारी फाम दर्ता नै गरेर काठमाडौको टोखा नगरपालिकास्थित झोरमा पुर्ण आग्रानिक तरकारी उत्पादन गरेर बजारमा पठाईरहेका छन् ।

उनिसँग हाम्रा जनअकाश साप्ताहिकका प्रधान सम्पादक मोहन कार्कीले गर्नुभएको कुराकानी यस अङकमा समेटेका छौ ।

**० तपाईलाई स्वागत छ जन आकाश साप्ताहिको कृषि र बजार स्तम्भमा ।**

- धन्यवाद ।

**० तपाईको फाममा म आईपुगेको छु । तपाईले बुझेको कृषि पेशा के हो बताईदिनुस न ?**

- नेपाललाई कृषि प्रधान देश भनिएको छ । कृषि पेशालाई उद्योगको रूपमा लानुपर्छ । अहिले मेरो झण्डै दुई दशकको अनुभवमा यो कृषि पेशालाई उद्योगको रूपमा उद्यमको रूपमा लान सकिरहेका छैनौ त्यसकारण यो पेशालाई उद्यम, उधोगको रूपमा लानुपर्छ । जस्तै किसानले उत्पादन गरेका तरकारी, फलफुल, मासु, माछा, दुध, अण्डा लगायत सम्पुर्ण कृषिजन्य बस्तुको बजारको ब्यवस्थापन गरेर जानुपर्छ । त्यो काम सरकारले नीतिगत रूपमा ल्याउनुपर्छ । त्यो प्रभावकारी रूपमा आएको देखिदैन । उत्पादन गऱ्यो बजार छैन । बजार छ ब्यवस्थापन छैन । प्रबृति छ प्रबिधिक छैन । प्रबृधिक छ प्रबृधि छैन । यस्ता समस्था हुदाहुदै पनि हामी जस्ता धेरै किसानहरूले आफनो बलबुताले भ्याएसम्म उत्पादन बजार र ब्यवस्थापन गदै आएका छौ । हामीसँग अहिले धेरै किसान साथीहरूको संयन्त्र पनि जोडिएको छ । किसानहरूको एक अर्काको अनुभव समेत जोडेर काम गरिराखेका छौ । सहकारी, समुह, सहकार्य कम्पनी एउटै च्यानलमा मिलाएर काम गर्नुपर्छ एक्ला एक्लै काम गरेर आजको युगमा सम्भव छैन । यसमा सरकारले अझै टेवा दिने हो भने धेरै गर्न सकिन्छ भन्ने मलाई लागेको छ त्यसकारण नेपालको लागि कृषि पेशापनि सम्भावना बोकेको पेशा हो । मैले बुझेको कृषि यहि नै हो ।

**० तपाईलाई कृषि अनुदान कृषि सरलीकरण कर्जाको बारेमा जानकारी छ ?**

- मलाई सुन्नामा आउछ कता कता तर त्यसतो कतै कुनै सुविधा मैले लिएको छुइन पाएको छैन । मेरो यतिवेला ४० वटा गाईछन् । झण्डै एक करोड लगानी छ । याहा सरकारले त्यति नै ४० वटा नै अनुदानमा दियो भने उद्यम त बन्यो नि त्यति नै मात्रमा रोजगार सृर्जना भयो । किसानले ५० प्रतिशत लगानी गर्ने ५० प्रीतशत सरकारले अनुदानमा गाई फाम छ भने गाई थपिदिने, कुखुरा फाम छ भने कुखुरा थपिदिने, जे हो त्यो थपेर प्रोत्साहन गर्ने हो भने यो स्वागतयोग्य काम हो ।

तर कुनै साथीहरूले भेटाएकी थाहा छैन मैले त सरकारले कृषिमा अनुदान, सहुलियतपुर्ण ऋण भनेको त सुनेको छु व्यवहारमा देखेको छैन । धेरै किसान साथीहरूले पनि मैले जस्तै व्यवहारमा कृषि अनुदान सहुलियतपुर्ण ऋण नपाएको ऋण लिन जादा घर भको जग्गा पीज गरेको बाटोले छोएको जग्गा हुनुपर्ने जस्ता प्रवधानले पनि समस्या पारेको बताउने गरेका छन् भएको पनि त्यस्तै छ । कृषि उत्पादन कङक्रिट शहरमा त हुदैन त । भित्री ठाउहरूमा किसानको साथमा जग्गा हुन्छ । यति कुरा नबुझेका हुन् की बुझ पचाएका हुन ! बाणिज्य बैकहरूले, तर नेपालको एउटा मुक्तिनाथ बिकाश बैकले किसानको लागि फाम फाममा आएर सोधिखोजि गर्ने गरेको छ । यो चै राम्रोपक्ष हो । धेरै किसानहरू लाभान्वित पनि भएका छन् जस्तो लाग्छ । किसानलाई सजिलोसँग ऋणदिनुको साथै किसानको फाममा आएर बास्तविकता बुझ्ने गरेको छ । हामीलाई माया गर्ने पनि बैक हुदो रहेछ भन्ने मुक्तिनाथले आत्मबिश्वास बढाएको छ ।

अर्को अहिलेको सरकारको नारा समृद्ध नेपाल सुखी नेपाली भनिएको छ । त्यो समृद्ध नेपाल र सुखी नेपली बनाउन त भाषणमा गरेर हुदैन । याहा नेपालमा उत्पादन गरेका कृषि समग्री खेर गईरहेका छन् । तर बिदेशमा उत्पादित आयातित कृषिले भने बजार पाईरहेका छन् । यो तालमेल नमिलेको कृषि बजारलाई नेपालको आफनो उत्पादनलाई जोड दिनुपर्छ याहाको किसान बलियो भयो भने नेपालको नेपालमा कृषि उत्पादन सफल हुन्छ । कृषि उत्पादन सफल भयो भने आर्थिक रूपमा नेपाली सम्पन्न हुन्छन् । आर्थिक रूपमा किसान सम्पन्न हुनथालेपछि देशको अर्थतन्त्र बलियो हुन्छ । यसरी कृषिले पनि समृद्ध नेपाल सुखी नेपली बन्न टेवा पुऱ्याउन सक्छ ।

**० अहिले तपाईको फाममा कति जनाले रोजगार पाईराखेका छन् ?**

- हामी परिवार सहित १२ जनाले काम गरिरहेका छौ ।

**० कतिको सबल छ कृषि पेशा सफल हुन्छ भन्ने केही उदारण दिनुहुन्छ की ?**

- म लगभग २०६२ सालदेखि यहि पेशामा आवद्ध छु । १५ बर्षको अर्न्तरालमा असफल भएको भए काठमाडौ जस्तो ठाउँमा मोरङ जिल्ला लेटाङ ५ वडामा बस्ने एउटा किसानले काठमाडौमा आएर गरेको पेशा असफल भएको भए पेशा नै छोडेर अन्तै कतै गईसक्नुपर्ने हो । त्यसतो अवस्था आएन । नेपालमा कृषि पेशा जस्तो राम्रो पेशा अरू मलाई लाग्दैन । केही समय अगाडी विश्वमा फैलिएको कोभिड महामारीले पनि के देखायो भने कृषि नै पहिलो रहेछ । पहिला त खानै पर्ने रहेछ । सुन चाँदी, पैशा खाएर त हुने होईन रहेछ । खानैपर्ने भएकोले गर्दा यो कृषि पेशा पहिलो नै हो । त्यसकारण दिगो पेशा कृषि नै हो । अहिलेका भाई बहिनीहरू पढे लेखेकाहरू पनि यो पेशामा आउनु पर्छ नपढेकाहरूले कृषि पेशा गर्न कठिन हुन्छ । किनभने यो समय बिभिन्न खालका मौसम परिवर्तनले माटो नै बिषादी युक्त भईसकेको छ । माटोको शक्ति गईसकेको छ । यो माटोलाई जिवीत बनाउन पनि युवाहरूको खाचो भईसकेको छ । कृषिमा किरा लाग्ने बिभिन्न खालका प्रबिधिहरूको बिकाश भएको छ । बिभिन्न खालका रासायनिक मलको प्रयोगले गर्दा बिश्व नै रोगको भारी भईरहेको छ । अस्पतालहरू धेरै खुलेका छन् । ति अस्पतालहरूमा बेड खाली छैनन् । अवको युग बिषदीमुक्त आहार गरेर किचनलाई औषधालय र बेडरूमलाई अस्पताल बनाउनुपर्छ त्यो काम पढेलेखेका युवा पुस्ताले मात्र ठम्याउन सक्छ । यो पेशा भएन देशले यसलाई अपनाउन सकेन जनताले पनि अपनाएनन् भने भोलि कोभिड जस्तै महामारी समस्या आउदा अर्काको देशवाट सामान आएन भने मानिस खान नपाएर पनि मर्न सक्छ । तर कृषिलाई ध्यान दिएका राष्ट्रका जनता कहिल्यै भोकले मदैनन् । नेपाललाई कृषिमा आत्मनिर्भर देश बनाउनुपर्छ । म जस्तै थुप्रै किसानहरूले आज पाउडर दुधलाई बिस्थापन गदै गईरहेका छौ । त्यसैगरी कृषि पेशा फराकिलो क्षेत्र हो । कसैले बाली उत्पादन गर्न सक्छन् । कसैले घासमात्र उत्पादन गरेर पनि आम्दानी गर्न सक्छन् । कसैले मासु उत्पादन गर्न सक्छन् । नेपाललाई आवश्यक के के छ । त्यही चीजहरू उत्पादन गरेर मनग्य आम्दानी गर्ने आधार छन् । हामी जो जो पेशामा आवद्ध छौ हामीसँग भएको अनुभव पनि दिन सक्छौ ।

**० अहिले उदाहरणमा थुप्रै सवल किसानहरू छन् । त्यसमा मलाई पनि लिन सक्नुहुन्छ ।**

- तपाईले १५ बर्षको अन्तरालमा कृषि पेशासँग सम्बन्धित कुनै बिज्ञ, सरकारी निकाय वा अन्य कसैको सल्लाह सुझाव केही पाउनुभयो ?

२०६२ सालमा शुरू गर्दा देखि नै अग्रानिक उत्पादनमा जानुपर्छ भनेर म लागिरहदा नेपाल सरकार अन्तर्गतको जुन कृषि मन्त्रालय छ । सिंहदरवारमा गएर आग्रानिकको कुरा गर्दाखेरी आग्रानिक सम्भव छैन भन्ने खालका कुरा गर्नुभयो त्याहाका निकायले त्यतिवेला वादविवाद समेत गर्न पुगेका थियौ ६२/६३ को कुरा गदैछु मैले आग्रानिक उत्पादनलाई अभियाँनको रूपमा लानुपर्छ भन्ने हाम्रो योजना थियो । पछि धापासी सेवा केन्द्र अहिले टोखा नगरपलिका भएको छ । धापासि सेवाकेन्द्रको डाईरेक्टर हुनुहुन्थ्यो ऋषिराम तिवारी उहासँग धेरैपटक कुराकानी गरे अग्रानिक उत्पादनको बारेका उहासँग थुप्रै अन्तक्रियाहरू भएको थियो । उहाले पनि यसरी गर्नुपर्छ तरिका यि यि हुनसक्छन् भनेर सकरात्क रूपमा लिनु भएको थियो । उहा अहिले काठमाडौ महानगरपालिकामा जानुभएको छ । उहा वाहेक कोही पनि मेरो फाममा आउनु भएको पनि छैन र बुझ्नु पनि भएको छैन ।

**० तपाईले उत्पादन गर्नुभएको बस्तुहरूलाई कसरी बजारमा बितरण गरिराख्नु भएको छ । भन्दिनुस न ?**

- मेरो उत्पादन अहिले मात्र होईन बिगत १५ बार्ष अगाडी देखि नै बजार ब्यवस्थापन आफैले गरेको छु । यो बिशेष गरेर कसरी गईरहेको छ भने मेरो आग्रानिक पक्षमा गएको हुनाले रासायनिक मल प्रयोग नगरिकन आफनै गाई र कुखुराको मललाई प्रयोग गरी बिषदीमुक्त तरकारी फलफुल उत्पादन गरेको हुनाले ग्रहकले छुट्टै खालको टेस्ट गरेर मैले उत्पादन गरेको तरकारी फलफुल मनपराईदिनु भयो त्यो निरन्तर उहाहरूले टेस्ट गरेर मेरो उत्पादनलाई माया गरिदिनु भएको छ । त्यसको लागि मैले चक्रपथमा इन्द्रिनी क्यफेसँगै सुब आग्रानिक तरकारी फामको नामवाट आउटलेट (बजारको लागि पसल) पनि सञ्चालन गरेको छु । बीचमा यो आग्रानिक उत्पादन छाड्ने भनेर कोशिस पनि गरेको थिए ग्रहकहरूले नछोडनुस हामी छौं । भनेर भन्नुभयो अहिलेसम्म टिकेको कारण यो पनि हुनसक्छ । मेरो आफनै खालको ग्रहक हुनुहुन्छ शुरूदेखि अहिलेसम्म साथसाथै नेपालका बिषादीमुक्त फलफुल जुम्ला, डोल्पा तिरको स्याउ, आलु धनकुटा, इलाम तिरको चियाँ देखि लिएर अन्य जिल्लाहरूको कोदो, फापरको पिठो जुन पुर्ण आग्रानिक हुन् । देशका बिभिन्न ठाउँहरूवाट मेरो आउटलेटमा मैले ल्याएर राख्ने गरेको छु । उहाहरूले लानुभएको छ । जे होस अलिकति भिन्न स्वाद फरक र स्वास्थ्यका लागि योग्य भएको कारणले गर्दाखेरी ग्रहकको मन जितेर गुणस्तरयुक्त आग्रानिक सँगै बजार ब्यवस्थापन गरेको छु ।



## कुल बहादुर सुब्बा
## अध्यक्ष सुब्बा आग्रनिक तरकारी फाम

**० अबको रणनीति के छ भन्दिनुस न ?**

- बिभिन्न जिल्ला ७ वटै प्रदेशका ७५३ वटै पालिकाका उत्पादनलाई लगभग एउटा च्यानलवाट चेन जस्तै बनाएर बजारलाई ब्यवस्थापन गर्नुपर्छ भनेर टिमै लागिपरेका छौ ।

**० टिम भन्नाले फामको सदस्यहरू कि त्योभन्दा बाहिरको टिम कस्तो हो ?**

टिममा लगभग ५ वटा प्रदेशमा रहनुभएका साथीहरू हुनुहुन्छ । त्यसमा ५५/५६ जिल्लाका साथीहरू हुनुहुन्छ । यो एउटा हाम्रो टिम छ ।

बिशेष गरेर बिषादीमुक्त उत्पादन गरेका कृषि सामग्री कलेक्शन गर्ने हाम्रो टिम छ । यो टिमले बृहत रूपमा लाने भनि हामीले जमर्को गरेका छौ । हामीले के आवाह्वन गरेका छौ भने उत्पादन गर्ने किसान, मजदुर साथीहरू सहकारी, समुह, कम्पनी, उपभोक्ता यी सवैजना एउटै चेनमा आएर जानुपर्छ भनेर कार्य थालनी गरिसकेका छौ । पहिलो परिक्षण उपत्यकालाई नै लक्ष्य बनाएर काम गदै छौ । त्यो परिक्षणपछि अन्यत्र पनि लाने तयारीमा छौ ।

**० अन्तमा के भन्नुहुन्छ की ?**

सर्वप्रथम त याहाले किसानको बारेमा प्रचारको लागि स्थान दिनुभयो धन्यवाद दिन चाहान्छु । हामीले अर्को अन्न बैकको स्थापना गर्न अभियाँन नै चलाउदै छौ ।

त्यो अभियाँनमा देशैभरीका किसान जोडिदै छौ । यो अभियाँनलाई सफल बनाउन सवै देशभरीका किसान साथीहरूलाई यो सञ्चामार्फत पनि आवाहन गर्न चाहान्छु ।

# आउटरिच नेपालले जित्यो इसिआई अवार्ड २०२०

आउटरिच नेपालले चीनमा अवार्ड जितेको छ। चीनको सांघाईमा आयोजना गरिएको इसिआई अवार्ड २०२० समारोहमा इसिआई मार्केटिङ इनोभेसन अवार्ड आउटरिच नेपालले जितेको हो ।

यो अवार्ड आउटरिचले गरेको बेसिक ह्यूम्यानिटी प्रचार अभियानका लागि प्राप्त भएको कम्पनीले जनाएको छ। आउटरिचले विश्वव्यापी रूपमा फैलिएको महामारीकै बीच सम्पूर्ण विश्व सीमित स्रोतहरूका साथ घरभित्र थुनिएर बस्न बाध्य भएको समयमा यो अभियान सुरु गरेको जनाएको छ।

आउटरिच नेपालको तर्फबाट अवार्ड ग्रहण गर्दै एसियन फेडेरेसन अफ एडभरटाइजिङ एसोसिएसन्सका अध्यक्ष रेमन्ड सोले बेसिक ह्युम्यानिटीजस्तो प्रेरणादायी अभियानका लागि उजय र उनको टिमलाई बधाई दिएको जनाइएको छ। यो अभियानलाई विभिन्न देशहरूमा अत्यन्त सकारात्मक रूपमा ग्रहण गरिएको तथा स्विकारिएको उनको भनाइ थियो। उनले भने, 'यो अभियान तत्कालीन परिप्रेक्ष्यमा अति नै सान्दर्भिक थियो र बेसिक ह्युम्यानिटी अभियानले समान अनुभुतिको सन्देशलाई अगाडि बढाएको थियो।'

आउटरिच नेपालका संस्थापक तथा प्रबन्ध निर्देशक उजय शाक्यले भने, 'हाम्रो देशको आफ्नै किसिमको मौलिक, सिर्जनात्मक शैली छ। अन्तर्राष्ट्रिय विज्ञापन मात्र मन छुने खालका हुन्छन्, नेपाली विज्ञापनमा त्यो खालको स्तर छैन भन्ने आलोचकहरूका लागि यो अवार्ड नै एउटा उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ।'

पुरै विश्व सीमित स्रोत तथा खुम्चिएको आम्दानीका साथ घरभित्र बन्द भएको बाध्यात्मक परिस्थितिमा आफुले बनाएको व्यञ्जनको आकर्षक तस्बिर सामाजिक सञ्जालमा राख्नु उचित हुँदैन भन्ने हामीलाई लागेर एउटा सानो पहलको थालनी गरेको उनको भनाइ थियो। त्यसरी परिकार प्रस्तुत गर्ने प्रयोगकर्तालाई सामाजिक सञ्जालमा त्यस प्रकारको व्यञ्जन नराख्न आग्रहका साथ बेसिक ह्युम्यानिटी अभियान अघि बढाएको र यसलाई विश्वभरि रुचाइएको उनले बताए।

# द्वन्द्व भुल्दै परिचय बदल्दै : व्यावसायिक उत्पादनमा पूर्वलडाकु

बाह्र वर्षको उमेरमा सशस्त्र द्वन्द्वमा होमिएकी तिलाकुमारी अहिले द्वन्द्वको कुरा लुकाउन खोज्नुहुन्छ। जनयुद्धमा घरपरिवार त्यागेर लाग्नुभएका सल्यानको बागचौर नगरपालिका- ४ की तिलाकुमारी अहिले बागलुङमा आएर द्वन्द्व भुल्दै कृषि कर्ममार्फत व्यावसायिक उत्पादनमा लाग्नुभएको छ। पढ्ने, रमाइलो गर्ने उमेरमा योद्धा बन्नुभएको तिलाकुमारीले जनयुद्धमा होमिएर आफ्नो समय खेर फालेको तीतो अनुभव सुनाउनुभयो। उहाँ द्वन्द्वको घाउ मेटाउँदै व्यावसायिकरुपमा कुखुरा, टर्की र बङ्गुरपालनमा लाग्नुभएको छ।

विसं २०५२ फागनु १ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले सशस्त्र द्वन्द्व थाल्दा तिलाकुमारी १२ वर्षकी हुनुहुन्थ्यो। जनयुद्धमा होमिएपछि तिलाकुमारीको दैनिकी र बाटो मात्र फेरिएन, उहाँको नामसँगै गन्तव्य र लक्ष्य पनि फेरियो। उहाँलाई समीक्षाको उपनामले चिनाउन थाल्यो। उहाँ समानताको लडाईंका लागि युद्धमा होमिनुभयो तर आज बिर्सन चाहानुहुन्छ पुराना यादहरू। उहाँले परिवर्तनका लागि युद्धमा होमिए पनि अन्त्यमा आफू शुन्य अवस्थामा आए पनि नयाँ जीवनको शुरुआत गरेको बताउनुभयो।

तत्कालीन समयमा माओवादीकी निडर, आत्मविश्वासी, भरोसायोग्य लडाकु र स्वास्थ्यकर्मीको भूमिकामा रहनुभएकी तिलाकुमारी अहिले बाटो बदलेर सामान्य जीवयापनमा फर्कनुभएको छ। युद्धमा घाइतेको उपचार मात्र होइन, आवश्यकता पर्दा हतियार उठाएर युद्धको अग्रभागमै रहेर २४ वटा युद्ध लडे पनि शान्ति प्रक्रियामा आएपछि आफूलाई बेवास्था गरेको दुखेसो गर्नुभयो। चौबिस वटा युद्ध आफू नै लडेको अनुभव छ, तिलाकुमारीले भन्नुभयो, तर आज आफ्नो जीवनमा मात्र हैन नेपाली समाजमा समेत कुनै परिवर्तन आएन, अहिले साधारण तरिकाले जीवन जिउन थालेकी छु।

समाज र देश बदल्नका लागि गरेको युद्ध र सङ्घर्षबाट देशमा केही अभूतपूर्व परिवर्तन भए पनि आफ्नो जीवनमा समय र परिवार गुमाउनुपरेको उहाँको भनाइ छ। तिलाकुमारीमा क्रमशः एकपछि अर्को निराशाका बादल मडारिँदै आयो। त्यसैले आजभोलि फेरि तिलाकुमारीको दैनिकी फेरिएको छ। उहाँ अहिले कुखुरा, चल्ला, घर व्यवहार र चुला चौकामै सीमित भइरहनुभएको छ।

महिलाले दासताबाट मुक्ति पाउँछन्, असमानताका सबै जञ्जिर तोडिन्छन्, महिला र पुरुषको मात्र होइन, समाजमा हुने सबै खालका भेदभावको अन्त्य हुन्छ भनेर हत्केलामा प्राण लिएर माओवादीबाट १९ वर्षको उमेरमा २०५९ साल चैत २७ गते जनमुक्ति सेनाबाट युद्ध लड्नुभएको तिलाकुमारीले तिनै मीठा सपना देखाएका नेताबाट आफू विभेद र अन्यायमा परेको अनुभूति गर्नुभएको छ। जनमुक्ति सेना बनेर रुकुमको

बाँकी ८ पृष्ठमा

## नेपाल........

नेपालले यस्ता थुप्रै नगर्नुपर्ने अभ्याशहरु गरेर कोशी, गण्डकी, माहाकाली, सम्झौताहरु गरिसकेर परिवर्तनको नाममा गुमाईसकेको छ ।

त्यो भन्दा फरक शैलीमा जंङग बहादुरको ईतिहाँसलाई ब्युझाउने गरि राष्ट्रियताको सवालमा उभिएका प्रधानमन्त्री साथै राष्ट्रवादीहरुको साथ पाईरहेका प्रधानमन्त्रीलाई फाल्न नेकपा-नेकपा पार्टीमा अल्पमतमा पारेर फाल्न भारतीय योजनामा भईरहेको खेल बुझ्न जो कसैलाई कठिन थिएन ।

तै पनि गोलभेडा समेत अर्काको देशवाट किनेर खानुपर्ने भईसकेका, बनाईसकेका हामीहरुलाई परनिर्भताको पराकाष्टको रुपमा नेपालको शक्ति केन्द्रमा रहेका नेता, ब्यापारीले, ठेकदारले गरिबीको फाईदा उठाउदै चारो छर्किएर उनिहरुकै वरिपरि नै घुमिरहनु पर्ने बनाएका कारण असत्य कुरालाई थाहा पाउदा पाउदै पनि वरिपरि बस्दा खेरी चित्त नबुझेपनि अ. अ. ह. ह. भनि दिनुपर्ने बध्यताहरुले नेपालको राजनीति त्यसैको सिकार बनिरहेको छ । कार्यकर्ता पनि सायद त्यस्तै होलान् ।

यतिवेला नेपालको राजनीति शक्ति सर्घष नेपालको चलखेल भन्दा बाहिरवाट हुन लाग्दैछ । बिश्वका शक्तिसाली चीन, अमेरिकाले समेत बोल्न थालिसकेका छन् । यो नेपालको लागि अभिसाप सिद्ध हो । बिगतमा नेपालको राणाशासन फाल्न भनेर गरिएको भारतको भुमिमा बसेर भारतको सहयोग लिएको अभ्याशले देशलाई राणाहरुले खोलेका उधोग कलकारखाना समेत बन्द गरायो । २०४६ सालको भारतीय सहयोगमा गरिएको आन्दोलनले नेपालमा अर्को माओवादीको जन्म गरायो भन्ने बेलामा भारतीय विस्तरवाद मुर्दावाद नारा माओवादीका थिए । तर उल्टै भारतमा आस्रय लिई भारतमा बनेका हत्तियार किनेर ल्याएर नेपाली दाजुभाई मार्ने मराउने काम भयो । त्यो माओवादी जनयुद्ध भनिएको आन्दोलनलाई भारतमा बिसर्जन गरेर ल्याएको लोकतान्त्रिक गणतन्त्रले नेपालमा अस्थिरता निम्त्याएर त्यतिवेला नै नेपालको अस्तित्व समाप्त पार्ने भारतीय डिजाइन सफल नभएको त भारतीय पुर्व गुप्तचरहरुले लेखेका लेखवाट पनि प्रष्ट भईसकेको छ । यस्ता बिदेशी निर्देशनमा बनेका बनाईएका आन्दोलनले कहिल्यै देशको हितमा हुदैनन् । अहिले नेपालमा राजनीतिक अस्थिरता छ भनेर कुरा उठाएको छ । केही नियोजित तरिकाले प्रचार गरिएको छ । नेपालवाट अन्तराष्ट्रिय समाचार संस्थालाई समाचार पठाउने पत्रकारहरुले गलत समाचार पठाईरहेका छन् । यतिवेला नेपालमा अस्थिरता होईन स्थिरता छ । कुनै दङगा फसाद भएका छैनन् । कुनैपनि आन्दोलनमा दङगा भडकेको छैन । डर त्रास कतै छैन । ढुक्कले मानिसहरु हिड्न डुल्न घुम्न पाएका छन् । पत्रकारले स्वतन्त्र लेख्न, भन्न पाएका छन् । अन्य शासन व्यवस्था भन्दा सफल छ । लगानी गर्न पाएका छन् । लोडसेडिङको अन्त्य भएको छ ।

बिभिन्न खालका अप्ठ्याराहरु हुदाहुदै पनि बिकास निर्माणका कामहरु भईरहेका छन् । जति हुनुपर्ने नभएका होलान् ।

यस्तो बातावरण भईरहेको बेलामा बुद्धिजीवि भनाउदाहरुले उनिहरुले भनेकै ठाउँमा राजनीतिक नियुक्ति पाईन भन्दैमा राम्रो कमाईहुने ठाउँमा अवसर पाईन भन्दैमा कपोलकल्पित अर्थ लगाउने अर्थशास्त्रिहरु माओवादीले टेलिकमका टावर हान्दा पुल भत्काउदा मान्छे मार्दा अर्थतन्त्र सकिन्छ देश सकिन्छ भनेर किन भन्न सकेनछन् । त्यतिवेला भागेर अमेरिका पुगेकाहरु अहिले देशमा छाएको १३ बर्षको शान्त बातवरणले ल्याएको वातावरणमा नेपाल आएर फेरी देशको बदनाम गरेर अन्तराष्ट्रियस्तरमा भ्रम फैलाउदै छन् । नेपालको बेजत गर्नु गराउनु भनेको आफनै खुट्टामा बन्चरो हान्नु जतिकै हो । बाकी बुद्धिजीवि भनेर पत्रिकामा लेख छापेर फेसबुकमा प्रचार गर्ने आफैले बुझ्नु । त्यसकारण नेपालका नेपालीले नेपालमुखी आन्दोलन, नेपालको माटोमा उम्रेकोबिउवाट खोलिएको पार्टी वा नेतृत्ववाट मात्र नेपालको हित हुन सक्छ । त्यसैले जुन हौवा र आन्दोलन उठ्यो त्यो नै नेपाल र नेपालीको हुदो रहेनछ । बिगतका त्यस्ता बिकाउवादी र अरुले अराएर गरेको आन्दोलनले नेपालको हित नगरेको अभ्याश सदाका लागि बन्द गराउन असंवैधानिक नै भएपनि अहिलेका प्रधानमन्त्रीले लिएको निर्णय स्वागतयोग्य मान्नुपर्छ र नेपाली जनताले साथ दिनुपर्छ । संवैधानिक बनाउने अधिकार जनतासँग हुन्छ । त्यो जनताले उठाएको नेपालीहरुको एकता राष्ट्रिय अखण्डता र भारतीय बिस्तारवादको बिरुद्ध एक ढिक्का जनता हुन्छन् । त्यो अभियाँनमा अवको आन्दोलन हुनुपर्छ ।

## दपर्ण........

कमाउनका लागि बिभिन्न चोरबाटो अप्नाउने गर्दाछन् तर गायक बल सिधा बाटो मात्र हिड्न खोज्दा दुःख पाएको जनआकाश अनलाइनको पत्रकारसँग गुनासो पोखे ।

हुन त बलको आवाज सुनेपछि मन नलोभिने सायद कोहि नहोला । उनको स्वरमा जाँदु छ । उनको संगीतमा मिठास छ । एक पटक सुनेपछि अवश्य दर्शक पुन दोहोऱ्याएर सुन्ने नै छन् ।

नव प्रतिभाहरुलाई माया गर्नु हामी सबैको दायित्व हो ।

उनीहरुको कलाको प्रबद्धनका लागि हामी सबैको साथ र सहयोगको आवश्यकता रहने छन् । उहाँलाई सफलताको शुभकामना ।

https://www.youtube.com/watch?v.mI.xiWQaiF4&feature.youtu.be

## रातो.....

परेपछि र अन्त्यमा राति ९ देखि १० बजे आरती गरिन्छ । हरेक दिन पाँच पटक गरिने सो आरती चार पटक आरती गुठीका मानिसले तथा एक पटक मन्दिरमा बस्ने पुजारीले नै गर्ने गरेको बज्राचार्यले जानकारी दिनुभयो ।

मच्छिन्द्रनाथलाई बुङ्मती वा पाटन जहाँ लगिए पनि श्रद्धाका साथ पाँच पटक आरती गर्ने चलन छ । दैनिक पाँच पटक गरिने सो आरती बिहान अनि साँझ एक गुठीले त अपराह्न अनि राति अर्को गुठीले गर्ने गरेको बज्राचार्यको भनाइ छ । हरेक दिन साँझ अघि गरिने आरतीलाई 'दीपज्वाला' भनिन्छ । लोकेश्वरको दैनिक चार पटक आरती गर्नका लागि 'तःबहाल' मा पाटन र बुङ्मती गुठीका मानिस रहनाका साथै 'बुङ्मती' मा पनि पाटन र बुङ्मती गुठीका मानिस रहेको पानेजु जगतपति शाक्यले बताउनुभयो । उहाँले भन्नुभयो, वृष्टिदेवको दैनिक नित्य पूजा गर्दा पर्वअनुसारका विभिन्न स्तोत्र पनि पाठ गरिन्छ । मच्छिन्द्रनाथका दायाँबायाँ र अगाडि बसेर स्तोत्र पाठ गरिने गरिएको बज्राचार्यको भनाइ छ । यसैगरी लोकनाथलाई सङ्क्रान्तिका दिन नेवार समुदायका मानिसले घरबाट पूजा सामग्री लिएर मन्दिरमा दर्शन गर्न आउने गरेको मैयाँ डङ्गोलले बताउनुभयो । उहाँले भन्नुभयो,यदि सङ्क्रान्तिका दिन जुठो तथा छेकथुन परेर मच्छिन्द्रनाथको दर्शन गर्न पाएनौँ भने अन्य दिन गरे पनि कुनै फरक पर्दैन । करुणामयको दर्शन खाली पेटमा गर्नुपर्छ भन्ने कुनै बाध्यता छैन । सक्ने मानिसले भोकै त नसक्नेले टन्न खाना खाएर बिहान, अपराह्न र बेलुका जुनसुकै समय मन्दिर आउन पाउने सुन्धारा निवासी चैत्यराज बज्राचार्यले बताउनुभयो ।

पानेजुलाई एक छाक

बुङ्मतीका साथै तःबहाल मन्दिरभित्र लोकेश्वरको दैनिक सेवामा खटिने पानेजुले दिनको एक छाक मात्र चोखो खाना खान पाउँछन् । मध्याह्न १२ बजेतिर सानो केराउको दाल, भात, घ्यू, चाकु, दूध र राति मात्र शुद्ध पानी पिउन पाइने नियम रहेको शाक्यले बताउनुभयो ।

गत मङ्सिर २४ गते वृष्टिदेव बुङ्मतीबाट पाटन ल्याइएसँगै तःबहालमा भक्तजनको घुइँचो लाग्ने गरेको छ । काठमाडौँ उपत्यकामा मुहार रातो भएका रक्तावलोकेश्वर करुणामयको स्थान निकै उच्च छ । यिनलाई लोकनाथ, रातो मच्छिन्द्रनाथ वा मत्स्येन्द्रनाथ, बुङ्गमलोकेश्वर, बुँगद्यः, आर्यावलोकितेश्वर, वृष्टिदेव आदि विभिन्न नामले पुकार्दै उपत्यकावासीले श्रद्धाका साथ पूजापाठ र जात्रा मनाउने गर्छन् ।

प्रत्येक वर्ष चैतकृष्ण प्रतिपदाका दिन आर्यावलोकितेश्वरको महास्नान गर्ने परम्परा छ । दमकलचोकस्थित जोगाम्बर पीठमा मच्छिन्द्रनाथको रथ बनाउने गरिन्छ । विसं ८०० मा राजा वरदेवले रथ बनाउन लगाएको सुन्धारा निवासी सूर्यमान डङ्गोलले बताउनुभयो ।

## पार्टी.....

भेलामा भाग नलिने निर्णय मैले गरेँ । फेरि पनि पार्टी एकताको पक्षमा छु । त्यसका निम्ति अर्को निर्णय नहुँदासम्म म पार्टी एकीकरण बचाउन सकिन्छ कि भन्ने प्रयासमै रहनेछु । क.केपी ओलीले गरेको भेला होस् वा अरु कमरेडहरुले गर्नुभएको भेला नै किन नहोस्– ती सबै पार्टी फुटाउनका निम्ति भइरहेका छन् । म फुटको साक्षी बस्न सक्दिनँ । म यो पार्टी एकीकरण गराउनेमध्येको नेता हुँ । त्यसैले अहिले पनि एकताको पक्षमा म छु । संसद भंगको गैरसंवैधानिक कदमको विरोध गरिरहन्छु । तर, दुवैतिरका भेलामा मेरो उपस्थिति हुँदैन । मैले पहिले पनि गुटहरुको भेलामा नजाने भन्दै आएको हुँ ।

## नेपाल....

काग्रेस आन्दोलन गरिरहेको छ । एनसेलको मुदा किन उठाईरहेको छैन वाईडबढीको कुरा किन उठाईरहेको छैन । प्रतिपक्ष र सत्तापक्षको रिमोट अन्तै छ । सञ्चालन र परिचालन गर्ने रिमोट बाहिर छ । नेपाली जनताको हातमा छैन । यो कुरा पुर्वप्रधानमन्त्री बाबुराम भट्टराईले भनिसक्नु भएको छ । हाम्रो साचो त अन्तै रहेछ । नेपाली जनता आफ्नैले गरेको आन्दोलनवाट स्थापित भएको आन्दोलनले मात्रै देशमा स्थाईत्व बिकास हुन्छ भन्ने राप्रपालाई लाग्छ । हामी आफ्नै खुट्टामा उभिएर परिवर्तन गछौ भनेर लागेका छौ ।

अन्तमाः

तपाईको जन आकाश मिडिया मार्फत मेची माहाकाली बस्नुहुने बिदेश बस्नुहुने नेपाली दाजुभाई दिदीबहिनीहरूलाई के आग्रह गर्न चाहान्छु भने कुनैपनि दलभन्दा माथि उठेर कुनैपनि राजनीति घेराभन्दा माथि उठेर राष्ट्रको माया गर्ने बेला आएको छ । तपाई हामीले राष्ट्रको माया गरेनौ भने राष्ट्र अत्यन्त खतरा मोडमा छ । राष्ट्र चलेन । चल्दैन । जनताको कुराले मात्र राष्ट्र चलेको रहेनछ भनेर हामीले बुझिराखेका छौ । लगभग दुई तिहाईको सरकार छ । उहाहरूकै खिचातानीको खेल चलिरहेको छ । सरकारमा बस्नेहरू पावरमा बस्नेहरू परिवारतिर लडके परिवारवादवाट अलिमाथि उठ्यो भने आफन्त ईष्टमित्रतिर ढल्के त्योभन्दा अलिमाथि उठेभने पार्टीका कार्यकर्ता भित्र ढल्के नेपाली जनताको पक्षमा हित गर्ने कोहीपनि भएन । जवसम्म राष्ट्रहितको लागि नेपाली जनताको हित गर्ने नेतृत्व स्थापित गर्न सक्दैनौ त्यतिवेलासम्म मुलुकले बिकास पाउदैन मुलुकका जनताले न्याय पाउदैनन् । रोजगारको स्थिति बन्दैन । यी आदि कुरा गर्नको लागि राष्ट्रवादी भएर राष्ट्र जोगाउनको लागि राष्ट्रिय मुद्दामा सहमति गरौ भोली आ–आफनो पार्टीमा भोट हालौला अहिलेको परिवर्तनलाई सहयोग गर्नुस भन्ने आग्रह गर्न चाहान्छु ।

## कृषि........

साझेदारीको सहजीकरण गर्दै मूल्य अभिवृद्धि तथा रोजगारीको सिर्जना गन सहयोग पुग्ने अपेक्षा गरिएको छ । आयोजना प्रदेश १, प्रदेश २, बाग्मती, गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशका मुख्य आर्थिक कोरिडोरमा कार्यान्वयन हुने भएको छ । यसअन्तर्गत आयोजनाले ग्रामीण उद्यमीका लागि पर्याप्त बजारका अवसर स्थापित गर्ने विश्व बैंकको भनाइ छ ।

आयोजनाले प्रदेश र स्थानीय सरकार, मध्यस्थकर्ता संस्था, तथा साना र मझौला कृषि उद्यमीहरूसँग सहकार्य गर्दै कृषि क्षेत्रको क्षमता अभिवृद्धि गर्न र उद्यमशीलता सुदृढीकरणमा काम गर्ने बताइएको छ ।

आयोजनाले छोटो अवधिका सार्वजनिक कार्यहरूमा श्रम(सघन 'कामका लागि नगद' संयन्त्रको उपयोग गर्ने विश्व बैंकको भनाई छ । नेपालको कृषि क्षेत्रको रूपान्तरण गर्न र आर्थिक पुनरूत्थानलाइ गति दिन एउटा विशेष अवसर जुराएको माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसले बताए ।

यो आयोजनाले नेपाल सरकारको कृषि विकास रणनीति २०७२-२०९२ लाइ टेवा पुऱ्याउने समेत बताइएको छ ।

## श्रीराम.....

मिल्सको रू आठ करोड ४१ लाख, इन्दिरा सुगर मिल्सको रू चार करोड ७० लाख, अन्नपूर्ण सुगर मिल्सको रू १७ करोड बाँकी रहेको छ ।

गत वर्षको पुस १८ गते सरकार, चिनी मिल्स र उखु किसानबीच भएको सम्झौता अनुसार रकम भुक्तानी नपाएको भन्दै गत आइतबारदेखि उखु किसानले काठमाडौँमा आन्दोलन गर्दै आएका छन् । लुम्बिनी चिनी मिल्सले आइतबारदेखि दैनिक रू एक करोडका दरले बक्यौता रकम भुक्तानी गर्ने जनाइसकेको छ ।

## द्वन्द्व....

खारा युद्ध, भालुवाङलगायतका २४ स्थानमा युद्ध लड्नुभएको तिलाकुमारीलाई अहिले पछुतो भएको छ । उहाँले माओवादीमा लागेर समय र आफ्नो भविश्य मात्रै खेर फाल्नुभएन युद्धमा आफ्ना दाजु झलकमान, भाउजु र भतिजीसमेत गुमाउनुभयो । पातलो र मोटो मसाल भन्दै दाजुले गरेको राजनीति देखेर कम्युनिष्ट बन्नुभएकी तिलाकुमारीलाई उहाँका दाजुले तत्कालीन समयमा माओवादीको उपचार गर्नका लागि दाङको राप्ती हेल्थ इन्स्टिच्युटबाट अनमीसमेत पढाउनुभएको थियो । अनमी सकिँदा साथ प्रमाणपत्र झोलामा राखेर युद्धभूमिमा होमिनुभएकी तिलाकुमारीको भालुवाङ लडाईमा प्रमाणपत्र हराए पनि ज्ञान, सीप र क्षमताले धेरै घाइतेले नयाँ जीवन पाएको सम्झना दिमागमा ताजै रहेको उहाँको भनाइ छ ।

नेत्रविक्रम चन्द 'विप्लव' र नन्दकिशोर पुन 'पासाङ'को युद्ध तयारी र प्रशिक्षणले उम्लिएको रगत लिएर युद्धभूमिमा जानुभन्दा अघिल्लो दिन आफ्नै हातले आफू र आफ्ना साथीका लागि डोका, काप्रा र बाँसका स्टेचर तयार पारेका हात यतिबेला युद्धको स्मरण गर्दा काप्ने गरेको तिलाकुमारीले बताउनुभयो । सारा कुरा बिर्सेर जनयुद्धमा लागे पनि देशमा परिवर्तन आयो, नेतामा परिवर्तन आयो तर आफूलाई निरासाबाहेक केही भएन, थापाले भन्नुभयो, अहिले पुराना कुरा, माओवादी त सम्झनै चाहन्न, जनयुद्धका तस्बिरसमेत च्यातिदिएँ ।

तत्कालीन समयमा देश र जनताका लागि गरेका बलिदानको कदर हुन छाडेपछि पुराना सबै स्मरण मेटाउनका लागि उक्त समयमा खिचाएका तस्बिर च्यातिदिएको उहाँले बताउनुभयो ।

शान्ति सम्झौतापश्चात् आफूलाई जिम्मेवारीविहीन बनाएको तिलाकुमारीको भनाइ छ । उहाँ पुराना सबै कुरा पछाडि छोडिएको भए पनि जनमुक्ति सेनामा भेटिएका बागलुङको काठेखोला गाउँपालिका वडा नं १ पालाका विजय रोकासँग २०६२ असोज २५ गते जनवादी विवाह गरेर जोडिएको साइनोले उहाँलाई बाँच्ने आधार भने सिर्जना गरेको छ । श्रीमान्, एक छोरा र एक छोरीसहित बागलुङ नगरपालिका-३ हाडेपाखामा अहिले तिलाकुमारीको सानो कुखुरा फार्म छ ।

तिलाकुमारी दम्पती अब गुनासो मात्र गरेर संसार नचल्ने भन्दै बाटो बदलेर व्यावसायिक उत्पादनमा लागेका हुन् । करिब रु आठ लाख लगानीमा उहाँले कुखुरा फार्म सञ्चालनमा ल्याउनुभएको छ । उहाँले पहिलो पटक ४०० बोइलर कुखुरा बिक्री गरिसक्नुभएको छ । अब नयाँ चल्ला हाल्ने तयारीमा हुनुहुन्छ । यस्तै उहाँ अण्डा दिने ५० लोकल कुखुरा र १५ टर्कीचरासमेत पाल्दै आउनुभएको छ । उहाँका श्रीमान्ले सवारी चालकको काम गरेर घर खर्च आएको छ । उहाँले हालै १० वटा बङ्गुरका पाठापाठी खरिद गरेर पाल्न थाल्नुभएको छ ।

आफूले जस्तै परिवर्तनका लागि, देश र जनताका लागि माओवादी बनेका र युद्ध लडेकालाई सत्तामा पुगेपछि पार्टी र नेताले भुल्दै गएको प्रति भने उहाँको तीव्र आक्रोश छ । नेताले आफ्नो सात पुस्तालाई पुग्ने सम्पत्ति जोडे, उहाँले भन्नुभयो, उनीहरूसँगै परिवर्तनको लडाई लड्दा हात खुट्टा गुमाएका, अङ्गभङ्ग भएका मागेर खाने भएका छन्, अरु हजारौं योद्धा बेरोजगार छन्, जनताको अवस्था उस्तै छ ।

हातखुट्टा गुमाएका, शरीरमा जनयुद्धका निशानी बोकेर बाँचेकाको दयनीय अवस्था देख्दा अझै पीडा थपिने गरेको बताउँदै उहाँले आफूहरूको त्याग, समर्पण र आफन्तको रगत खेर गए जस्तो अनुभूति हुने गरेको बताउनुभयो ।

# किसानलाई पाडी र भैंसी सुत्केरी भत्ता

सिन्धुपलाञ्चोकका दुई पालिकाले किसानलाई पाडी र भैँसी सुत्केरी भत्ता वितरण गरेका छन् । कोशीपारिस्थित चौँरीदेउराली गाउँपालिका वडा नं ६ र ८ का किसानको आम्दानीमा वृद्धि गर्न सहयोग गर्ने उद्देश्यले किसानलाई 'भैँसी सुत्केरी भत्ता' वितरण गरिएको हो । पनौती नगरपालिका-१२ का किसानलाई भैँसीको पाडी वितरण गरिएको छ । गत वर्ष भैँसीलाई सुत्केरी भत्ता दिएको नगरपालिकाले यस वर्ष लक्षित किसान कार्यक्रमअन्तर्गत पनौती-१२ भूमेडाँडाका अति विपन्न २८ किसान परिवारलाई पाडी वितरण गरेको नगरपालिका कृषि तथा पशुपक्षी शाखाले जनाएको छ । वडाको सिफारिसका आधारमा नगर पालिका पशुपक्षी शाखाले सो वितरण गरेको हो । नगरपालिकाबाट पाडी प्राप्त गर्ने किसानका लागि रु दुई लाख बराबरको दुर्घटना बीमा र पाडीको बीमा गरिएको छ । त्यसरी पाडी पाएका किसानलाई प्राविधिक जानकारीसहित एक दिने अभिमुखिकरण तालीम दिने जनाइएको छ । आर्थिक समृद्धि तथा किसानको जीवनयापनमा टेवा पुऱ्याउन सजिलो माध्यम भैँसीको पाडी भएकाले यस वर्ष उपहारस्वरुप पाडी वितरण गरेको नगर प्रमुख भीम न्यौपानेले बताउनुभयो ।

नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ लाई भैँसी प्रवर्द्धन कार्यक्रम आधार वर्षका रुपमा लिएको छ । शाखाले गरेको अध्ययनका क्रममा लैनो भैँसी खरीदका लागि नगरपालिकाभित्रका किसानले वर्षेनी रु तीन करोडभन्दा बढी रकम बाहिर पठाउने गरेको पाइएपछि यो कार्यक्रम शुरु गरिएको जनाएको छ । त्यस्तै चौँरीदेउराली गाउँपालिकामा 'किसानसँग गाउँपालिका' कार्यक्रमअन्तर्गत गाउँपालिकाले भैँसीपालक किसानलाई भैँसी सुत्केरी भत्ता वितरण गर्न थालिएको छ । वडा नं ६ र ८ मा भैँसी सुत्केरी भत्ता वितरण गरिएको छ । सो क्रममा वडा नं ६ का ८० किसानलाई भत्ता वितरण गरिएको छ । सुत्केरी भएपछि प्रत्येक भैँसीले रु एक हजार ५०० का दरले भत्ता पाउने व्यवस्था गाउँपालिकाले गरेको छ ।

त्यस्तै वडा नं ८ का ३४ भैँसीपालक किसानलाई भैँसी सुत्केरी भत्ता वितरण गरिएको वडाध्यक्ष धनबहादुर तामाङले बताउनुभयो । यसअघि वडा नं ५ का १८० किसानलाई भैँसी सुत्केरी भत्ता वितरण गरिसकिएको गाउँपालिकाले जनाएको छ ।

त्यससँगै गाउँपालिकाले भैँसीपालक किसान घुम्ती कोषसमेत स्थापना गरिएको हो । वडा नं ८ का किसानका लागि भैँसी किन्न सहयोग पुऱ्याउने उद्देश्यले भैसीपालक किसान घुम्ती कोष स्थापना गरेको हो । वडाध्यक्ष तामाङका अनुसार आर्थिक वर्ष २०७४/७५ मै वडाले रु पाँच लाखको उक्त कोष खडा गरेको र उक्त कोषमार्फत सो वडाका भैँसीपालक किसानले छदेखि आठ महिनाका लागि भैँसी खरिद गर्न आधा रकमबिना ब्याज ऋण पाउने भएका छन् ।

त्यसरी खरिद गर्ने किसानलाई कोषबाटै भैँसीको रु एक लाख बराबर निःशुल्क बीमाको समेत व्यवस्था गरिएको छ । वडा कार्यालयका अनुसार १३ भैँसीपालक किसान घुम्ती कोषबाट लाभान्वित भएका छन् ।

## पाठक पत्र

बिश्व महामारी कोरोना भाईरस र नेपालको अवस्था ।

इतिहासकै दुई तिहाई नजिकको सरकारकोव गुटगत स्वार्थ र पुर्ण राजावादीको सडक ऱ्याली र विदेशी शक्तिको नेपाल हेर्ने अवस्थाले गर्दा नेपालमा ठुलै दुर्घटना हुने त हैन । जनताको उत्साह र उमङ्गवाट आएको सरकारलाई सानो सुझाव

दल बहादुर अधिकारी
लमजुङ, हाल काठमाडौं

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस